जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न :
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- माटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तीले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २७ •अंक २६ • २०८२ साल असार १ गते आइतबार (15 June, Sunday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।–

# आज बजेट सार्वजनिक हुने

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ का लागि राजश्व र व्ययको वार्षिक अनुमान प्रस्तुत गर्ने तयारी पूरा भएको छ। आइतबार दिउँसो ४ बजे मधेश प्रदेश सभाको बैठकबाट अर्थमन्त्री सुनिलकुमार यादवले सार्वजनिक गर्ने छन्। यसपटक मधेश प्रदेश सरकारले करिब ४५ अर्बको हाराहारीमा बजेट ल्याउने तयारी थालेको स्रोतको दाबी छ।

प्रदेशसभा सचिवालयका अनुसार बैठकमा प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री सुनिलकुमार यादवले बजेट प्रस्तुत गर्ने जनाइएको छ।

प्रदेशसभा सचिव बासुप्रसाद कोइरालाले यो बजेट सत्र निकै महत्वपूर्ण हुने भएकाले सम्पूर्ण प्रदेशसभा सदस्यहरूलाई समयमै बैठकमा उपस्थित हुन भनेका छन्।

मुख्यमन्त्री सतीश कुमार सिंहले बजेटको प्रारूपमा समावेश गर्न प्रदेशसभा सदस्यहरूबाट प्राप्त योजना तथा कार्यक्रमहरू कम्प्युटर प्रणालीमा प्रविष्ट भइसकेको र अहिले अन्तिम मुद्रणको चरणमा रहेको जानकारी दिए।

मधेश प्रदेश सरकारले यसपटक भने आर्थिक वर्ष २०८२/०८३ का लागि अनुमानित करिब ४५ अर्ब रुपैयाँको बजेट सार्वजनिक गर्ने स्रोतले जनाएको छ।

मधेश प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८१/८२ मा ४३ अर्ब ८९ करोड ७० लाख रुपैयाँको बजेट ल्याएको थियो। तर, प्रदेश लेखा नियन्त्रक कार्यालय जनकपुरको तथ्यांकअनुसार जेठ महिनाको अन्तिम सातासम्म जम्मा ८ अर्ब ८९ करोड ५२ लाख रुपैयाँ मात्र खर्च गर्न सकेको छ।

खर्च विवरणमा हेर्दा पुँजीगत शीर्षक अन्तर्गत जम्मा ३ अर्ब ८२ करोड ६६ लाख रुपैयाँ मात्रै खर्च भएको छ। यो कुल पुँजीगत बजेटको १३ प्रतिशत मात्र हो। यता, चालु खर्चतर्फ ५ अर्ब ७२ करोड ८८ लाख रुपैयाँ खर्च गरिएको छ। यो विनियोजित बजेटको ३२ प्रतिशत हो।

यसपटक मधेश सरकारले प्रस्तुत गरिसकेको नीति तथा कार्यक्रमको मूल आधार कृषिमा आधारित रहेको जनाइएको छ।

## सांसदलाई मन्त्री बनाउन छाडौं
# 'राति पार्टी फुटाइन्छ, बिहान मन्त्री बनाइन्छ'

**टुडे समाचारदाता**

काठमाण्डु। जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले निर्वाचन प्रणाली बदल्नुपर्ने बताएका छन्। नेपालमा निर्वाचन प्रणाली तुलनात्मक अध्ययन सार्वजनिक कार्यक्रममा बोल्दै अहिलेको निर्वाचन प्रणालीकै कारणले विकृति र भ्रष्टाचार बढेको उनको भनाइ छ।

उनले पार्टी र उम्मेदवार दुवैले खर्च गर्न नपर्ने समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्ने बताए।

अध्यक्ष यादवले भने, 'पूर्ण समानुपातिक निर्वाचन प्रणाली र पूर्ण समावेशी हुने गरी जानुपर्छ। त्यसो हुँदा खर्च न उम्मेदवारको हुन्छ न त पार्टीको नै।'

उनले प्रधानमन्त्री र मन्त्रीहरू आफ्नो निर्वाचन क्षेत्रमा मात्रै केन्द्रित भएको भन्दै प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हुनुपर्नेमा जोड दिए। सांसदलाई मन्त्री बनाउन छाड्ने हो भने ठूलो समस्या हल हुने उनको बुझाइ छ।

उनले भने, 'राजनीतिक अस्थिरता सरकार बनाउन नै भएको छ, मैले त भोगेको हो। एउटा पार्टीले सबैलाई मन्त्री बनाउन सक्दैन, प्रधानमन्त्रीको पार्टीले आइज मन्त्री बनाइदिन्छु भनेर पार्टी फुटाउँछन्। राति पार्टी फुटाउँछ, बिहानै मन्त्रीको शपथ लिन्छ। प्रधानमन्त्रीले गौरवसाथ भाषण गर्छन्, मैले सरकार टिकाउन फलानो पार्टी फुटाएँ भनेर। यो सुहाउने कुरा हो ?'

उनले सांसदहरूलाई मन्त्री नबनाए पार्टी फुटाउन खरिदबिक्री नै नहुने बताए। संविधानसभामा खसीबोका किने जस्तो गरेर सांसदहरुलाई रिसोर्टमा लगेर राखेको आफैँले देखेको उनले स्मरण गरे।



उनले प्रधानमन्त्री र मन्त्रीहरू पूरा देशको नभइ आफ्नो निर्वाचन क्षेत्रको मात्रै हुने गरेको आरोप लगाए। यसले कतिपय सांसदहरूले अर्को पटक मत नै नपाउने स्थिति बनेको बताए। उनले राजनीतिक स्थिरता नभईकन विकास सम्भव नहुने बताए। पूरै देशको प्रधानमन्त्री बनाउने र पूरै देशको विकास गर्ने कार्यमा लाग्न अहिलेको निर्वाचन प्रणाली बदल्नुपर्ने बताए।

संघीयताले देशमा बद्लाव आए पनि मधेशीसंग अझै पनि विभेद हुने गरेको बताउँदै उनले भने, ' आदिवासी जनजातिलाई पहरिया बहरिया भनेर अझैसम्म पनि भनिने गरिन्छ।' उनले संघीयताबारे सरकारको अझै पनि प्रस्ट खाका नरहेको बताए। मधेश केन्द्रित दलले गठन गरेको संघीय लोकतान्त्रिक मोर्चाबारे बोल्दै अध्यक्ष यादवले मोर्चा जागेको बताए। मोर्चाले विभिन्न निर्णय गरी, दिनहुँ बैठक बसेर कामकाज गरिरहेको बताए।

सरकार परिवर्तन गरेर मात्र देशले विकास र निकास नपाउने भन्दै जनताको इच्छाअनुसार संघीयता कार्यान्वयन हुन नसकेको बताए। प्रदेश स्थापना भए पनि सीमित अधिकारका कारण अझै पनि जनताले संघीयताको प्रत्याभूति गर्न नपाएको उनको दाबी छ।

नेपाल अझै पनि गरिब मुलुक नै रहेको उनले टिप्पणी गरे। उनले यहाँका जनता हिजो पनि गरिब नै थिए, अझैपनि गरिब नै रहेको बताउँदै उनले संघीयता आए पछि मुलुकमा केही जनताको सुधार पनि भएको बताए।

संघीयताले समावेशी समानुपातिक दिएको उनले बताए। संघीयताले सबैलाई बोल्ने हक दिएको बताउँदै अध्यक्ष यादवले केन्द्रमा साझेदारी र प्रदेशमा स्वायतता नआउँदासम्म संघीयताको अनुभूति आमजनताले सही ढंगले गर्न नपाउने बताए।

उनले केन्द्र सरकारकै कारण संघीयतामाथि विभिन्न किसिमका टिकाटिप्पणी हुने गरेको बताए। उनले सारा समस्याको जड नै केन्द्रीय सरकार रहेको बताए।

संघीय सरकारले गतिलो काम नगरी प्रदेश सरकारमाथि दोष थुपार्नु गलत रहेको अध्यक्ष यादवले बताए। उनले संघीय सरकारले प्रदेश सरकारमाथि दोष लगाउने र काम गर्ने कर्मचारी र प्रदेशको प्रशासन आफ्नै हातमा राखेर प्रदेश सरकारमाथि प्रश्न गर्नु अनुचित रहेको बताए।

उनले संविधान संशोधन गरी अधिकार, पहिचान र पूर्ण समावेशी समानुपातिकसहित राज्य पुनःसंरचना भएमा मुलुकले सही गति लिने बताए।

मुलुकमा संघीयता आएको लामो समय भए पनि अहिलेसम्म पनि संघीयको प्रयोग राम्ररी हुन नसकेको उनको भनाइ छ।

अध्यक्ष यादवले मुलुकमा संघीयता बिना देशको कल्पना गर्न नसकिने बताए। अढाई सय वर्षदेखि देशलाई दोहन गरिसकेकाले फेरि एकात्मक शासन आउने र केन्द्रिकृत राज्य स्थापना गरी राजतन्त्र फर्किन्छ भन्नु दिवास्वप्न रहेको अध्यक्ष यादवले बताए।






# रुखबाट पानी बगेको भन्दै ‘देवता’ मानेर पूजा

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको चन्द्रनगर गाउँपालिका-२ स्थित बबरगञ्जमा छतिवनको रुखबाट पानी निस्किएर ‘देवता’ उत्पन्न भएको भन्दै स्थानीयवासीले पूजाअर्चना गर्न थालेका छन् ।



दुई साता अघिदेखि छतिवनको रुख र त्यसको हाँगाबाट सिमसिम पानी झरेर ओसिलो हुन थालेपछि हेर्नेको भिड लागेको हो । बस्ती नजिकैको बगैँचामा रहेको सो छतिवनको रुख हेर्न टाढाटाढाका मानिस आइरहेका स्थानीयले बताएका छन् ।

स्थानीय शीला यादवले छतिवनको यो रुखबाट पहिलो पटक यसरी २४ सैँ घण्टा सिमसिम पानी परेको जस्तै देखिएको बताउनुभयो । कतिपय सर्वसाधारणले ‘देवता’ उत्पन्न भएको भन्दै लड्डु, फूल र अगरबत्ती चढाएर रुखको फेदमा पूजा गर्ने गरेका छन् । बबरगञ्जकै स्थानीय वासिन्दा तथा चन्द्रनगर स्वास्थ्य चौकीका सिनियर अहेब शिवशङ्कर महतोले रुख र रुखको फेदमा पानी परेको जस्तै गरी ओसिलो बनेपछि आश्चर्य मानेर हेर्ने मानिसको भिड लागेको जानकारी दिनुभयो ।

सामाजिक सञ्जालमा भाइरल भएपछि सदरमुकाम मलङ्गवासहित टाढाटाढाका मानिस रुख हेर्न आएका जानकारी दिए ।

उनले रुखबाटै पानी निस्किएको जस्तो देखिएपछि एउटा हाँगा काटेर हेर्दा पानी नआएको बताए । महतोका अनुसार केही दिनदेखि रुखका हाँगामा मौरी जस्तै किरा देखिएका छन् । सोही किराले पानी फालेको हुन सक्ने स्थानीयको आशंका रहेको छ ।

# सरकारको कर आतंकविरुद्ध संघर्ष गर्ने आजपाको निर्णय



**टुडे समाचारदाता**

काठमाण्डु । आम जनता पार्टीले सरकारको कर आतंकविरुद्ध संघर्ष गर्ने निर्णय गरेको छ ।

काठमाण्डुमा शनिबार बसेको पार्टीको केन्द्रीय आम सम्पर्क मञ्चको बैठकले सरकारपिच्छेको कर आतंकविरुद्ध संघर्ष गर्ने निर्णय गरेको अध्यक्ष प्रभु साहले जानकारी दिए । सरकारको मनोमानी करले सम्पूर्ण व्यापार व्यवसाय संकटमा पर्दै गइरहेको भन्दै आमनागरिकको पेशा व्यवसाय बचाउन कर आतंक बन्द हुन जरूरी रहेको बैठकले निष्कर्ष निकालेको उनले बताए ।

सो बैठकले संगठन निर्माण एवं विस्तारको कार्यलाई अभियानको रूपमा अघि बढाउने पनि निर्णय गरेको छ ।

## अपराध नियन्त्रणमा सहमतिः
# दुईपक्षीय बैठक सम्पन्न

**टुडे समाचारदाता**

मलंगवा । नेपाल भारत सीमा संयुक्त समन्वय समिति सीमा जिल्ला समन्वय समिति (बीडिसीसी) को नियमित बैठक शुक्रबार साँझ सर्लाहीको हरिवनमा सम्पन्न भएको छ ।

नेपाल भारत सुरक्षा अधिकारीको दुईपक्षीय बैठकमा अपराध नियन्त्रणमा सुन्य सहनशीलताको सहमती भएको छ।

सर्लाहीका सिडियो तुलसी बहादुर श्रेष्ठको अध्यक्षतामा बसेको थियो ।दुईपक्षीय बैठकमा सीमाक्षेत्रमा हुने आपराधिक क्रियाकलाप, लागूऔषध, अवैध हातहतियार कारोबार तथा मदिराजन्य पदार्थको तस्करी नियन्त्रण गर्न सहमति भएको बैठकमा सहभागी रौतहटका प्रमुख जिल्ला अधिकारी



विनोद कुमार खडकाले बताए । एक देशमा अपराध गरी अर्को तर्फ लुकेर बसेका अपराधी लाई पक्राउ गर्न सूचनाको आदानप्रदान सँगै प्रत्यक्ष सहयोग गर्ने सहमती भएको थियो ।

त्यसैगरी विदेशी घुसपैठ माथि पूर्ण निगरानी, दशगज्जा देखि सीमाक्षेत्रको सुरक्षा माथि विशेष जोर दिइएको थियो । वर्षायाममा रौतहट स्थित बागमती र लालबकैया नदीमा पानीको सतह बढेपछि गौरलाई डुबानबाट जोगाउन भारत बैरगनियास्थित नदीको साइफन (ढोका) खोल्ने सहमति भएको प्रमुख जिल्ला अधिकारी खड्काले बताए । दुईपक्षीय बैठकमा सर्लाही, महोत्तरी, रौतहट तथा भारत (बिहार) को सितामढी जिल्लाका सुरक्षा अधिकारीको उपस्थिति रहेको जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ ।

# न्यायीक समितिको भूमिका बुझ्न जनकपुरमा सडक नाटक

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाको सहयोगमा स्थानीय न्यायीक समितिको अधिकार क्षेत्र, कानुनी जानकारी र कार्यान्वयनसम्बन्धी जनचेतना फैलाउने उद्धेश्यले १७ वटा वडामा सडक नाटक कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको छ ।

यस अभियानको पहिलो प्रस्तुति गत सोमबार वडा नं. १७ तेतरिया बजारमा ‘समाधान’ शीर्षक नाटकमार्फत गरिएको थियो । धनुषा जिल्लामा पहिलोपटक प्रदर्शन भइरहेको यस नाटकले स्थानीय बासिन्दालाई न्यायीक समितिको अधिकार, भूमिका र नागरिकहरूले पाउनसक्ने कानुनी सेवाहरू बारे प्रभावकारी ढंगले जानकारी गराएको छ ।



उपमहानगरपालिका उपप्रमुख किशोरी साहले नाटकमार्फत उजुरी दर्ता गर्ने प्रक्रिया, स्थानीय तहमा समाधान गर्न सकिने विवादहरू र समितिको सीमित अधिकारलाई सहज र बुझ्न सकिने तरिकाले प्रस्तुत गरिएको बताए । उनले भने, ‘यसले स्थानीय जनसमुदायमा कानुनी पहुँच र न्याय प्रणालीप्रति जागरूकता बढाउन ठूलो भूमिका खेलेको छ ।’

सडक नाटक प्रदर्शन भएका वडाहरूमा वडा नं. १ (रेल्वे स्टेशन), ४ (राम चौक), ८ (बलबा टोल), १२ (हनुमान नगर), १३ (मनिमण्डप), १४ (मुजेलिया), १५ (शिवाजी पोखरी नजिक), १६ (कपिलेश्वर), १७ (तेतरिया बजार), १८ (महुवा महादेब मन्दिर), १९ (थुमौना), २० (निम चौक महादेव मन्दिर), २१ (कुर्था डिहवार मन्दिर), २२ (वसबिट्टी वडा कार्यालय नजिक), २३ (बेला मुसहरी टोल), २४ (बसहिया) र २५ (लोहना कन्टीर झा नमुना उच्च माध्यमिक विद्यालय पछाडि) छन् । नाटकमा रामनारायण ठाकुर, गङ्गा कान्त झा, राम कैलाश ठाकुर, सुरेन्द्र राय, अनिता रानी मण्डल, राजेश सक्सेना, सपना साह, शिवानी मिश्र र रोशनी कर्णले अभिनय गरेका छन् । नाटकका लेखक तथा निर्देशक रमेश रन्जन झाले भने, ‘यस कार्यक्रमले न्यायीक समितिको कार्यक्षेत्र र प्रभावकारिताप्रति स्थानीय जनताको बुझाइलाई थप सुदृढ गर्नेछ ।’

सो कार्यक्रममा उपमहानगरपालिका उपप्रमुख किशोरी साहसहित न्यायीक समिति सदस्य प्रमेश्वर साह, राकेश विक्रम साह, प्रमुख प्रशासनिक अधिकृत मित्र लाल ढकाल, न्यायीक समिती अधिकृत रन्जना साह र महिला तथा बालबालिका अधिकृत सौर्य साहलगायतको उपस्थिति रहेको थियो ।

आयोजकले जनकपुरधामका बाँकी सबै २५ वटै वडामा पनि सडक नाटक कार्यक्रम विस्तार गर्ने योजना बनाएको जानकारी दिए । यस पहलले स्थानीय तहमा न्याय सेवा प्रवाहलाई अझ प्रभावकारी र पारदर्शी बनाउन मद्दत पुग्ने र नागरिकहरूलाई कानुनी सेवाहरू सजिलै उपलब्ध गराउन प्रेरणा दिने विश्वास व्यक्त गरिएको छ ।

# उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जमा सुरक्षा व्यवस्थामा कडाइ

**टुडे समाचारदाता**

वीरगञ्ज । उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जका न्यायाधीस माथि इजलास कक्षमा दुर्व्यवहार भएपछि पर्सा प्रहरीले अदालत परिसरमा सुरक्षा व्यवस्थालाई कडाइ गरेको छ ।

१४ वटै न्यायाधीसको




व्यक्तिगत सुरक्षामा खटिएका ‘पिएसओ’ र अन्य सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीसमेत परिवर्तन गरेर सुरक्षा व्यवस्थालाई कडाइ गरेको छ ।

यहाँका न्यायाधीसद्वय डा खुसीप्रसाद थारु र अर्जुन महर्जनमाथि इजलास कक्षमा नेकपा (बहुमत)का तीन जना कार्यकर्ताले विहीबार दिउँसो करिव ४ बजेको समयमा इजलास कक्षमै दुर्व्यवहार गरेका थिए ।

सो पार्टीको कार्यकर्ता भनिने सिरहा गोलबजारका गर्भु महतो, सर्लाही बरहथवाका पदमबहादुर मगर र प्यूठानका किशोर कुमारलाई प्रहरीले अदालत परिसरभित्रैबाट पक्राउ गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख गौतम मिश्रले न्यायाधीसद्वयमाथि दुर्व्यवहार गर्नेलाई जिल्ला अदालत पर्सामा म्याद थप गर्नका शुक्रबार पठाइएको जानकारी दिनुभयो । “खाजा खाने बाहना बनाएर अदालतभित्र छिरेका उनीहरुले मौका छोपेर न्यायाधीसद्वयमाथि दुर्व्यवहार गरेका रहेछन्,” उहाँले भन्नुभयो, “पक्राउ परेकालाई शुक्रबार अदालतमा म्याद थप गर्नका लागि पठाएका छौँ ।”

उहाँले दुर्व्यवहार गर्नेलाई अदालतको मानहानी, साइबर क्राइम, अभद्र व्यवहारलगायतका कसुरमा अनुसन्धान गरिने बताउनुभयो ।

यसअघि १४ वटै न्यायाधीसको लागि एक-एक जना पिएसओ खटाइँदै आइरहेको थियो भने अदालत परिसरमा एक दर्जन सुरक्षाकर्मी खटाइएको थियो । प्रहरी प्रमुख मिश्रले सो घटनापछि अदालत परिसरमा सुरक्षा व्यवस्था कडाइ गरिएको जानकारी दिनुभयो । “विगत लामो समयदेखि कार्यरत रहँदै आएका १४ वटै न्यायाधीसको ‘पिएसओ’लाई परिवर्तन गरेर नयाँ पठाएका छौँ,” उहाँले भन्नुभयो, “अदालत परिसरको सुरक्षामा खटिने प्रहरीको जनशक्ति समेत थप गरेर सुरक्षालाई अझैं मजवुत गराउने काम भइरहेको छ ।” रासस

# अपांगता पैरवी समूहको संयोजकमा दीपिका चयन

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिकामा शनिवार नगरस्तरीय अपाङ्गता पैरवी समूहको



पुनः गठन गरिएको छ । मिथिला नगरपालिकाको ढल्केवरमा स्थानीय पैरवी समूहका संयोजक दिपिका लामाको अध्यक्षतामा पैरवी समूह तथा अन्य सरोकारबलाहरुको बसेको बैठकले ११ सदस्य मिथिला नगर स्तरीय अपाङ्गता पैरवी समूह पुनः गठन गरिएको छ ।

सो बैठकले समूहको संयोजकमा पुनः दिपिका लामालाई चयन गरेको छ भने सदस्यहरुमा शारदा मगर, रिता पोखरेल, मनोज कुमार साह, मनोज कुमार राउत, सीता देवी महतो, सीता लामा, लालबाबु पासवान, रुपाने कामी, दान प्रसाद रविदासलाई चयन गरेको छ ।

यता सोहि बैठकबाट स्थानीय पैरवी समूहले अगामी दिनमा काम गर्दा अपनाउने रणनीतिको विषयमा समेत छलफल गरेको संयोजक लामाले जानकारी दिनुभयो । बैठकमा पैरवी समूहले मिथिला नगरपालिकाको नगरस्तरीय अपाङ्गता समन्वय समिति सँगको समन्वयमा बसेर अपाङ्गताका सवालहरुका बारेमा अझ बढी जिम्मेवार भएर कार्य गर्ने तथा समूहका सदस्यहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रम चलाउने निर्णय गरेको संयोजक लामाले बताउनुभयो ।

अपाङ्गता पैरवी समूहको बैठकमा राष्ट्रिय अपांग महासंघ नेपालका रोशन न्यौपाने, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल मधेश प्रदेशका व्यवस्थापक प्रकाश नेपाली, लेखा प्रमुख ज्योती कुमारी साह र फोकल पर्सन उपेन्द्र राउतको उपस्थिति रहेको थियो ।

# आठ सय ७२ औद्योगिक प्रतिष्ठानलाई अनुमतिपत्र प्रदान

जनकपुरधाम । गुणस्तर तथा नापतौल कार्यालयले चालु आर्थिक वर्षको १० महिनामा ८८१ वटा व्यावसायिक तथा औद्योगिक प्रतिष्ठानलाई नयाँ नापतौल यन्त्र र अनुमतिपत्र प्रदान गरेको छ ।

धनुषा, महोतरी, सर्लाही, सिन्धुली तथा रामेछापगरी पाँच जिल्ला कार्यक्षेत्र भएको सो कार्यालयले ती जिल्लामा इजाजत दिएको हो ।

इजाजत नलिई नापतौल यन्त्रको प्रयोग गरेका एक हजार ८७२ जना व्यवसायीलाई कारबाही गरेको छ । उनीहरुले आफूखुसी ढक तथा तराजु र ‘डिजिटल’ नापतौल यन्त्रको प्रयोग गरेका थिए । उनीहरूलाई कारबाही गरेर कानुनको दायरामा ल्याइएको उक्त कार्यालयका प्रमुख सुनील यादवले बताउनुभयो ।

दश महिनामा दुई हजार ३७२ जना व्यवसायीको नापतौल यन्त्रको जाँच गरेको तथा सर्लाही, महोत्तरी एवं रामेछापमा नापतौल यन्त्रको प्रयोग, नापतौल जरिवाना तथा कानुनी कारबाहीसम्बन्धी जानकारी गराइएको छ । सो अवधिमा रु ४१ लाख १२ हजार ८४० राजस्व सङ्कलन भएको जानकारी उहाँले दिनुभयो । रासस

# गरुडाका मेयरको भौतिक पूर्वाधार निर्माणमा जोड

**टुडे समाचारदाता**

रौतहट । रौतहटको मध्यभाग गरुडा नगरपालिकाका मेयर कन्थमणि प्रसाद जैसवालले भौतिक पूर्वाधार निर्माणमा जोड दिएका छन् । मेयर जैसवालको पहलमा गरुडाको बिभिन्न वडाहरुमा लाखौं रुपैयाँको लगानीमा अनेक किसिमका विकास निर्माणको काम शुरु गरिएको हो ।

गरुडा- ९ स्थित रघुनाथपुर श्रीपुरमा स्वास्थ्य चौकी भवनको छत ढलान कार्य सनिवार भइरहेको छ । २० लाखको लागतमा निर्माण भइरहेको यो संरचना स्थानीय बासिन्दाहरूको सहज स्वास्थ्य सेवा पहुँचका लागि महत्वपूर्ण हुनेछ । उक्त अवसरमा आयोजित कार्यक्रममा मेयर जैसवालले स्वास्थ्य, शिक्षा र पूर्वाधार यिनै तीन आधारमा विकासको गति अघि बढाइरहेको बताए ।

गरुडा - ७ अन्तर्गत पिपरिया र भिनडाबरका किसानहरूलाई लक्षित गरी सिँचाइ सुविधा सुधार गर्न कृषि प्रयोजनका लागि विद्युत पोल जडान गरिएको छ ।

स्थानीय कृषकहरूलाई आधुनिक र सहज सिँचाइ पहुँच सुनिश्चित गर्दै आत्मनिर्भर कृषि प्रणालीतर्फको हाम्रो प्रतिबद्धता अझ बलियो बनाइएको मेयर जैसवालले बताए । त्यस्तै गरुडा २ गेडीगुठीमा किसानहरूको सिँचाइ सुविधा विस्तार गर्न विद्युतीय पोल जडान कार्य सुरु गरिएको छ । स्थानीय आवश्यकता र किसानको मागलाई प्राथमिकता दिँदै कृषि क्षेत्रमा सुधार ल्याउने हाम्रो प्रयास निरन्तर जारी रहेको उनको भनाइ छ । गरुडा- ६ स्थित पोठियाहीमा नगर बजेट अन्तर्गत १० लाख रुपैयाँको लागतमा १०० मिटर लम्बाइ र १४ फिट चौडाइको पक्की सडक ढलान कार्य भइरहेको छ ।

स्थानीय पूर्वाधारको विकासमार्फत जनताको दैनिक जीवन सहज बनाउन गरुडा नगरपालिका निरन्तर क्रियाशील छ । त्यस्तै गरुडा ६ पोठियाहीमा १३१ मिटर लम्बाइको नाला निर्माण कार्य भइरहेको छ ।

नगर स्तरीय बजेटबाट ६ लाख ७५ हजार लागतमा निर्माण हुन लागेको यो नाला स्थानीयस्तरमा सरसफाइ, ढल निकास तथा वातावरणीय सुधारमा टेवा पुऱ्याउनेछ भन्ने विश्वास लिएको मेयर जैसवालले बताए ।


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | साथीभाईसंग भेट हुँदा मन प्रसन्न हुनेछ। व्यापार व्यवसायमा प्रसस्त लाभ हुनेछ। |
| वृष : | टाढाको यात्रा गर्ने मौका छ । दिगो फाइदा हुने काममा लगानी गर्न सकिनेछ। |
| मिथुन : | व्यापार व्यवसायमा प्रशस्त फाइदा हुने योग रहेकोछ । पढाइमा पनि प्रगति हुनेछ। |
| कर्कट : | सोचेको भन्दा आम्दानी बढ्ने देखिन्छ। परिवारको सहयोग मिल्नेछ । |
| सिंह : | नयाँ काम गर्ने अवसर मिल्नेछ। जागिरमा पदोन्नति हुनेछ । |
| कन्या : | परोपकारी काममा रुची बढ्नेछ । |
| तुला : | सहयोगीहरुले काममा साथ दिनेछन् । आँटेका काम पनि सजिलै बन्नेछन् । |
| वृश्चिक : | आर्थिक लाभ नहुने कामको जिम्मेवारी वहन गर्नुपर्ला । |
| धनु : | रोकिएका अधुरा कामहरु सुचारु हुनेछ् । |
| मकर : | समाजमा मानसम्मान र प्रतिष्ठा कमाउने बेला छ । स्वास्थ्यमा सुधार आउनेछ । |
| कुम्भ: | सुखदुखमा साथ दिनेहरु प्रशस्तै भेटिने छन् । परिवारजनको साथ मिल्नेछ । |
| मीन : | वैदेशिक कामकाजमा फाइदा होला । मनको डर उत्साहमा बदलिनेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# गण्डकी प्रदेशमा साइबर अपराधका घटना बढ्दै

ढोरपाटन । सूचना प्रविधिको विकास र इन्टरनेटको प्रयोग बढ्दै गएसँगै साइबर अपराधसम्बन्धी घटना पनि बढेको पाइएको छ । पछिल्लो चार वर्षमा गण्डकी प्रदेशमा मात्रै दुई हजार ९५१ उजुरी परेका छन् ।

यस अवधिमा सबैभन्दा बढी कास्की र सबैभन्दा कम मनाङमा उजुरी परेका छन् । कास्कीमा एक हजार ६८३ र मनाङमा तीन जनाले उजुरी दिएका छन् । नेपाल प्रदेश प्रहरी कार्यालय गण्डकी प्रदेशका प्रहरी निरीक्षक प्रकाश पौडेलका अनुसार कास्कीमा आर्थिक वर्ष २०७८/७९ मा ११४ वटा, आव २०७९/८० मा २३२ वटा, आव २०८०/८१ मा ९३८ र चालु आवको वैशाख मसान्तसम्म ३९९ वटा मुद्दा परेका छन् ।

नवलपुरमा आर्थिक वर्ष २०७८/७९ मा ३१ वटा, आव २०७९/८० मा ४४ वटा, आव २०८०/८१ मा २०२ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ३९९ वटा मुद्दा परका छन् । तनहुँमा आर्थिक वर्ष २०७८/७९ मा १९ वटा, आव २०७९/८० मा ५२ वटा, आव २०८०/८१ मा १३७ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ४१ वटा मुद्दा परको प्रहरी निरीक्षक पौडेलले बताउनुभयो ।

स्याङ्जामा आर्थिक वर्ष २०७८/७९ मा २४ वटा, आव २०७९/८० मा ३३ वटा, २०८०/८१ मा ७३ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म २९ वटा मुद्दा परेका छन् । बागलुङमा आर्थिक वर्ष २०७८/७९ मा नौ वटा, आव २०७९/८० मा नौ वटा, आव २०८०/८१ मा ३५ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म २८ वटा मुद्दा परको प्रहरी निरीक्षक पौडेलले जानकारी दिनुभयो ।

गोरखामा आर्थिक वर्ष २०७८/७९ मा १९ वटा, २०७९/८० मा ११ वटा, आव २०८०/८१ मा ६४ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म २४ वटा मुद्दा परेका छन् । लम्जुङमामा



आर्थिक वर्ष २०७८/७९ मा साइबर अपराधसम्बन्धी उजुरी परेको छैन । आर्थिक वर्ष २०७९/८० मा चार वटा, आव २०८०/८१ मा ७१ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म २६ वटा मुद्दा परेको पौडेलको भनाइ छ ।

पर्वतमा आर्थिक वर्ष २०७८/७९ मा १० वटा, आव २०७९/८० मा १७ वटा, आव २०८०/८१ मा ५२ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ११ वटा मुद्दा परेका छन् । म्याग्दीमा आर्थिक वर्ष २०७८/७९ मा छ वटा, आव २०७९/८० मा छ वटा, आव २०८०/८१ मा ३६ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म २४ वटा मुद्दा परेका छन् ।

मनाङमा आर्थिक वर्ष २०७८/७९ मा साइबर अपराधसम्बन्धी उजुरी परेको छैन भने आव २०७९/८० मा एउटा वटा, आव २०८०/८१ मा एउटा र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म एउटा वटा मुद्दा परेको प्रहरी निरीक्षक पौडेलले जानकारी दिनुभयो ।

नेपाल प्रहरी प्रदेश कार्यालयमा २०७८/७९ मा दुई वटा, आव २०७९/८० मा तीन वटा, आव २०८०/८१ मा १३ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म एउटा पनि मुद्दा नपरेको उहाँको भनाइ छ ।

गण्डकी प्रदेशमा साइबर अपराधसम्बन्धी सबैभन्दा बढी उजुरी गर्ने फेसबुक प्रयोगकर्ता छन् भने कम उजुर गर्नेमा ह्वाट्सएप प्रयोगकर्ता छन् । चार वर्षमा दुई हजार ५४६ जना फेसबुक प्रयोगकर्ताले उजुरी दिएका छन् भने ७३ जना ह्वाट्सएप प्रयोगकर्ताले उजुरी दिएको प्रहरी निरीक्षक पौडेलले जानकारी दिनुभयो । प्रहरी निरीक्षक पौडेलका अनुसार १७७ जना टिकटक, ८१ जना इन्स्टाग्राम ७३ जना अन्य सामाजिक सञ्जाल प्रयोगकर्ताले उजुरी गरेका छन् ।

आर्थिक वर्ष २०७८/७९ मा १९० जना, आव २०७९/८० मा ३१३ जना, आव २०८०/८२ मा एक हजार ५४२ जना र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ५०१ जना फेसबुक प्रयोगकर्ताले उजुरी दिएका छन् ।

त्यस्तै आर्थिक वर्ष २०७८/७९ मा २५ जना, आव २०७९/८० मा ४९ जना, आव २०८०/८२ मा २९ जना र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ७५ जना टिकटक प्रयोगकर्ताले उजुरी दिएका छन् । आर्थिक वर्ष २०७८/७९ मा छ जना, आव २०७९/८० मा ३८ जना, आव २०८०/८१ मा २० जना र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म १७ जना इन्स्टाग्राम प्रयोगकर्ताले उजुरी दिएका छन् ।

आर्थिक वर्ष २०७८/०७९ मा चार जना, २०७९/८० मा नौ जना, आव २०८०/८२ मा २१ जना र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म १९ जना ह्वाट्सएप प्रयोगकर्ताले उजुरी दिएका छन् । चार वर्षमा ७३ जना अन्य सामाजिक सञ्जाल प्रयोगकर्ताले उजुरी दिएको प्रहरी निरीक्षक पौडेलले जानकारी दिनुभयो ।

प्रहरीले तयार गरेको तथ्याङ्कअनुसार सामाजिक सञ्जाल ह्याकसम्बन्धी बढी उजुरी परेको छ । ह्याकसम्बन्धी एक हजार ८०६ जना, फेक आइडीसम्बन्धी ६७४ जना, ठगीसम्बन्धी ३४, गालीगलौजसम्बन्धी ११३ जना, अश्लिल गतिविधिसम्बन्धी २०५ जना र अन्य साइबर अपराधसम्बन्धी ६८ वटा उजुरी परेको छ ।

प्रदेश प्रहरी कार्यालयका अनुसार चालु आर्थिक वर्षमा परेका ६६६ उजुरीमध्ये ४३० वटा फछ्र्यौट भएका छन् । २३६ उजुरी भने फछ्र्यौटका क्रममा छन् ।

प्रदेश प्रहरी कार्यालय गण्डकीको तथ्याङ्कलाई हेर्दा साइबर अपराधबाट सबैभन्दा बढी युवापुस्ता पीडित भएको देखिन्छ । विद्यालय र क्याम्पस पढ्ने उमेर समूहका विद्यार्थी र आफैँ केही गर्नसक्ने युवा साइबर अपराधबाट पीडित बनेको पाइएको छ । आर्थिक वर्ष २०७८/७९ देखि हालसम्म २६-३५ उमेर समूहका एक हजार ६१ जना पीडित भएका छन् ।

सोह्र वर्ष मुनिका ५८ जना, १६-२५ उमेर समूहका ८३६ जना पीडित भएका छन् । त्यस्तै, ३६-४५ उमेर समूहका ६२७ जना, ४६-६० उमेर समूहका २६९ जना, ६० वर्ष माथिका ५४ जना र अन्य उमेर समूहका ४६ जना पीडित बनेका छन् ।

साइबर अपराधसम्बन्धी कानुनबारे सचेत नहुँदा घटनाहरु हुने गरेको अधिवक्ता राम शर्माले बताउनुभयो । साइबर अपराध कम गर्नका लागि सामाजिक सञ्जाल प्रयोगकर्ता सचेत हुन जरुरी रहेको बताउनुभयो । साइबर कानुन नेपालमा भएको हुँदा यसको कार्यान्वयन अलि प्रभावकारी हुन नसक्दा घटना हुने गरेको उहाँको भनाइ छ ।

अधिवक्ता शर्माले भन्नुभयो, "अहिले मर्यदाविपरीत तस्बिर र भिडियो पोस्ट गर्ने प्रचलन जस्तो भयो, यसले स्वयं व्यक्ति र समाजलाई पनि राम्रो गरेको छैन, हरेक नागरिक सचेत नभएसम्म यस्ता किसिमका अपराधका घटना  कम गर्न गाह्रो हुन्छ ।" चिनजानका आधारमा मोबाइल बैंकिङका पासवर्ड अरुलाई दिने र अपरिचित लिङ्क खोल्दा धेरैको फेसबुक ह्याक हुने गरेको धेरै मानिसहरु पीडित हुनुपरेको शर्मा बताउनुहुन्छ ।

मुलुकी ऐन तथा अन्य ऐनका विभिन्न दफा लगाएर कानुन कारबाही हुँदै आएकामा विसं २०६३ बाट भने विद्युतीय कारोबार नियन्त्रणसम्बन्धी विशेष ऐन नै ल्याई हाल लागू भइरहेको उहाँले बताउनुभयो ।

यस ऐनको दफा ४४ देखि दफा ५८ सम्म विभिन्न प्रकारका कसुरको उल्लेख गरी सो प्रमाणित भएमा कानुनअनुसार रु ५० हजारदेखि पाँच लाखसम्म जरिवाना तथा छ महिनादेखि पाँच वर्षसम्मका जेल सजाय कसुर अपराधको मात्रा हेरी अदालतले तोक्नसक्ने कानुनी प्रावधान छ । रासस

# 'देशको बृहत्तर हितका लागि एमाले र कांग्रेसबीच सहकार्य आवश्यक छ'

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपमहासचिव प्रदीप ज्ञवालीले मुलुकको राजनीतिक स्थायित्व र विकासका एमाले र नेपाली कांग्रेसबीच सहकार्य आवश्यक भएको बताउनुभएको छ ।


प्रगतिशील तथा पेसागत कानुन व्यवसायी सङ्गठन नेपालको तेस्रो राष्ट्रिय सम्मेलनको आज यहाँ उद्घाटन गर्दै उहाँले एमाले र कांग्रेस मुख्य प्रतिस्पर्धी दल भए पनि मुलुकको बृहत्तर हितका लागि द्विदलीय साझेदारी आवश्यकयक भएको बताउनुभयो ।

"कांग्रेस र हामी मुख्य प्रतिस्पर्धी दल पनि हौँ । लोकतन्त्रका 'स्टेक होल्डर' पनि हौँ", उहाँले भन्नुभयो, "प्रतिस्पर्धा र सहकार्य सँगसँगै गर्छौँ । हामीबीच सहकार्य आवश्यक छ ।" उहाँले एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार बनेपछि निजी क्षेत्रमा आशा बढेको र रोकिएका विकासका काम अगाडि बढेको बताउनुभयो ।

उपमहासचिव ज्ञवालीले संविधान समयअनुसार लचिलो बनाउन परिमार्जन आवश्यक रहेको बताउनुभयो ।

उहाँले सबै वामपन्थी दलबीच एकता हुनुपर्नेमा जोड दिनुभयो ।

एमाले निर्वाचन आयोगका प्रमुख  विजय सुब्बाले लोकतान्त्रिक विधिअनुसार निर्वाचनमा प्रतिस्पर्धा हुनुपर्ने बताउनुभयो ।



एमाले स्थायी कमिटी सदस्य भानुभक्त ढकालले न्यायालयप्रति जनविश्वास बढाउनेतर्फ हरेक पार्टी कार्यकर्ताले काम गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

सङ्गठनका अध्यक्ष भोजराज आचार्यले पार्टीलाई कानुनसम्बन्धी सहयोग सङ्गठनबाट उपलब्ध हुँदै आएको बताउनुभयो । सम्मेलनले नयाँ कार्यसमिति चयन गर्नेछ । रासस

# पाउद्वारमा खेलमैदान निर्माण

म्याग्दी । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ पाउद्वारमा खेलमैदान निर्माण भएको छ ।

अन्नपूर्ण गाउँपालिकाको सहयोगमा खयरभारानी युवा क्लवले पाउद्वारमा खेलमैदान निर्माण भएको हो । उपभोक्ता समितिका सचिव भविन पाइजाले पाखोबारी सम्माएर खेलमैदान निर्माण गरिएको जानकारी दिनुभयो ।

अन्नपूर्ण गाउँपालिकाको रु २१ लाख ५० हजार बजेटबाट पाखोबारी सम्माएर ८५ मिटर लम्बाई र ३० मिटर चौडाइको खेलमैदान निर्माण गरिएको जानकारी दिनुभयो । "विद्यालयको खेलमैदानमा खेलअभ्यास र प्रतियोगिता सञ्चालन गर्दा पठनपाठन समस्या भएपछि नयाँ ठाउँमा जग्गा खोजेर खेलमैदान



निर्माण गरिएको हो," उहाँले भन्नुभयो "पोखोबारी सम्माएर खेलमैदान बनाएका हौँ ।"

डोजर परिचालन गरेर सम्माइएको खेलमैदानको डिलतर्फ ग्यावीयन पर्खाल निर्माण र बल छेक्न तारजाली निर्माण गरिएको छ ।

खेलमैदान निर्माण गर्न स्थानीय रामकृष्(ा तिलिजाले रु दुई लाख २० हजार बराबरको एक आना जग्गा दान गर्नुभएको छ । रु छ लाख ६० हजार मूल्यबराबरको थप तीन रोपनी जग्गा खरिद गरिएको थियो ।

खेलमैदान निर्माणका लागि पाउद्वारका १३५ घरपरिवारले एक/एक दिनका दरले श्रमदान गर्नुभएको छ ।

क्लवमा आवद्ध युवाले पनि योजना निर्माणमा श्रमदान गर्नुभएको छ । रासस

# विपद् प्रतिकार्य योजना स्वीकृत



दमौली । जिल्ला विपद् व्यवस्थापन समिति तनहुँले विपद् पूर्वतयारी तथा प्रतिकार्य, मौसमजन्य विपद् प्रतिकार्य र राजमार्ग अवरोध हटाउने कार्ययोजना २०८२ स्वीकृत गरेको छ ।

मनसुनको समय नजिकिँदै गरेकाले वर्षाले जिल्लामा हुन सक्ने क्षति न्यूनीकरणका लागि पूर्वतयारी स्वरूप समितिले प्रतिकार्ययोजना स्वीकृत गरेको समितिका संयोजक अध्यक्ष प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारले जानकारी दिनुभयो । जिल्लामा हुन सक्ने सबै प्रकारका विपद्, विपद्का सम्भावित क्षेत्र, जोखिम न्यूनीकरण गर्न गर्न सकिने उपाय, विपद् घटेमा सम्बोधन गर्न परिचालन हुने निकाय, स्रोतसाधनको पर्याप्तका बारेमा समेटेर विपद् प्रतिकार्य योजना बनाइएको उहाँले बताउनुभयो ।

तनहुँ जिल्ला बाढीपहिरोको उच्च जोखिममा रहेकाले विपद् न्यूनीकरणका लागि कार्ययोजना बनाएर अगाडि बढेको अधिकारीले बताउनुभयो ।

त्यस्तै ६० प्रतिशत विपद् मौसमजन्य कारणले हुने भएकाले समितिले मौसमजन्य विपद् प्रतिकार्य योजना समेत स्वीकृत गरेको छ ।

उहाँले भन्नुभयो, "मौसमका कारण हुन सक्ने सम्भावित घटना, त्यसबाट हुने क्षति, घटना रोक्न सकिने उपाय अवलम्बन र विपद् घटेमा परिचालन हुने निकायको जिम्मेवार ीसहित योजना बनाइएको छ ।"

कार्यालयले राजमार्ग अवरोध हटाउने जिल्ला कार्ययोजना समेत स्वीकृत गरेको छ । ७२ किलोमिटर पृथ्वीराजमार्ग खण्ड तनहुँ जिल्लामा भएको र मौसमको समयमा राजमार्ग अवरोध हुन सक्ने सम्भावना भएकाले राजमार्ग सुचारु गराउनका लागि राजमार्ग अवरोध हटाउने जिल्ला कार्ययोजना बनाइएको उहाँले बताउनुभयो ।

प्रमुख सडकहरुमा जोखिमको क्षेत्र पहिचान गरेर सम्भावित जोखिम न्यूनीकरणका लागि सरोकारवाला कार्यालय परिचालन हुने प्रजिअ अधिकारीले बताउनुभयो । रासस

# चार जिल्लाका ११ स्थानीय तह 'ग्रेटर मुन्दुम' पदमार्गको विकासमा जुट्द

भोजपुर । 'ग्रेटर मुन्दुम पदमार्ग' विस्तार हुने भोजपुरसहित चार जिल्लाका ११ थानीय तहबीच समन्वयत्मक पर्यटन प्रवर्द्धन बैठक सम्पन्न भएको छ । यहाँका पदमार्ग विस्तार हुने स्थानीय तहका जनप्रतिधि, पर्यटन व्यवसायी, उद्यमी, होटल व्यवसायी र पदमार्गमा आधारित पर्यटन विकासका परियोजनाबीच समन्वत्मक बैठक गरिएको हो ।

बैठकमार्फत विस्तार भइरहेको पदमार्गलाई व्यवस्थितसँगै सांस्कृति सम्पदाको संरक्षण तथा जर्गेणा हुने गरी काम गर्ने निर्णय गरिएको छ ।

हतुवागढी, रामप्रसादराई र आमचोक गाउँपालिकाको संयुक्त आयोजनामा घोडेटारमा भएको अन्तरपालिकाबीचकोसरोकारवालाको बैठकमा सुनसरीको बराहक्षेत्र नगरपालिका, उदयपुरको वेलका नगरपालिका, खोटाङको साकेला गाउँपालिका र केपिलासगढी गाउँपालिकाको सहभागिता रहेको थियो ।

त य स त ै भोजपुरको हतुवागढी गाउँपालिका,



रामप्रसादराई गाउँपालिका, आमचोक गाउँपालिका, टेम्केमैयुङ गाउँपालिका, साल्पासिलिछो गाउँपालिका, भोजपुर नगरपालिका र षडानन्द नगरपालिका गरी ११ वटा स्थानीय तहको सहभागिता जनाएको हतुवागढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत महेश निरौलाले जानकारी दिनुभयो ।

अन्तरपालिकाबीच भएको बैठकमार्फत पदमार्गको विकासका लागि साझा धाराणा लिएर अघि बढ्ने प्रतिवद्धता गरिएको हतुवागढी गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले बताउनुभयो । पदमार्गले छोएका स्थानीय तहबीच गरिएको कार्यक्रमले पदमार्गको विकास तथा प्रवर्द्धनमा टेवा पुग्ने उहाँको भनाइ छ ।

"ग्रेटर पदमार्गका विषयमा हतुवागढीमा समन्वयत्मक बैठक सम्पन्न गरेका छौँ," अध्यक्ष राईले भन्नुभयो, "यो बैठकबाट पदमार्गको थप विकास लागि कसरी अघि बढ्ने भन्ने विषयमा बृहत्त रूपमा छलफलसमेत गरिएको छ । अहिले सबै पालिकामा भइरहेको पदमार्ग निमार्णको कामको विषयमा छलफल गरेका छौँ ।"

अन्तरपालिका पालिकाबीच भएको सरोकारवाला पक्षको बैठक उपलब्धिमूलक बनेको रामप्रसादराई गाउँपालिका अध्यक्ष थामबहादुर राईले बताउनुभयो । बैठकबाट पदमार्गको कामलाई भावी दिनमा कसरी गुणात्मकढङ्गले अघि बढाउने भन्ने विषयमा योजना तयार गरिएको उहाँको भनाइ छ ।

पदमार्ग विस्तार भइरहेका स्थानीय तहसँगै पर्यटनसँग सम्वद्ध पक्षबीचको कार्यक्रम भएकाले यसले दिर्घकालिन महत्वलाई समेटेको टेम्केमैयुङ गाउँपालिका अध्यक्ष सरोज बस्नेतले बताउनुभयो ।

पदमार्गलाई पर्यटनसँग जोडेर संस्कृतिको संरक्षणसँगै आर्थिक पक्षको विकासमा टेवा पुऱ्याउन गर्न सकिने थप कामको विषयमासमेत छलफल गरिएको अध्यक्ष बस्नेतको भनाइ छ ।

पदमार्गमा आधारित पर्यटन विकास परियोजनाले पदमार्गको समग्र विषयमा जानकारी दिएको छ । साथै दिगो र नविनतम् पर्यटन विकासको अवधारणाको बारेमासमेत अवगत गराइएको छ । रासस

# अख्तियारद्वारा यातायात व्यवस्था कार्यालय भरतपुरका सहायकसहितका कर्मचारी नियन्त्रणमा

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले यातायात व्यवस्था कार्यालय भरतपुर चितवनका कार्यालय सहायकसहितका कर्मचारीलाई आज नियन्त्रणमा लिएको छ ।

यातायात व्यवस्था कार्यालय, भरतपुर, चितवनमा सवारी चालक अनुमति पत्र (लाइसेन्स) परीक्षामा भ्रष्टाचार गरेको आरोपमा यातायात व्यवस्था कार्यालय चितवनका कार्यालय सहायक ईन्द्रजित गुरुङको कार्यकक्षबाट रु एक लाख ८५ हजार नगदसहित बिचौलिया सुरज पाठक र गुरुङसमेतलाई कार्यालय परिसरबाट नियन्त्रणमा लिइएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो ।



उहाँका अनुसार आयोगको टङ्गालबाट खटिईगएको टोलीले उनीहरूलाई यातायात व्यवस्था कार्यालय परिसरबाट रु एक लाख ८५ हजार नगदसहित नियन्त्रणमा लिइएको हो ।

यातायात कार्यालयका कर्मचारी र महालक्ष्मी, गुरुङ, तथा कुमार ड्राइभिङ सेन्टरका सञ्चालकको मिलेमतोमा लाइसेन्स परीक्षामा असफल भएका परीक्षार्थीलाई पास गराउन रकम लिने गरिएको तथा सवारीको वर्गअनुसार रु १५ हजारदेखि २५ हजार लिएर असफल प्रशिक्षार्थीलाई पास गराउने गैर कानुनीकार्य भएको उजुरीका आधारमा नियन्त्रणमा लिइएको आयोगले जनाएको छ ।

यसैगरी कार्यालय प्रमुख बिष्णु भट्टराई तथा अन्य कर्मचारी र विभिन्न ड्राइभिङ सेन्टरका सञ्चालकको विद्युतीय उपकरण मोबाइल ३१ थानभन्दा बढी, ल्याप्टप दुई थान र अन्य कागजातसमेत आज नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रवक्ता पौडेलले बताउनुभयो । रासस

# रक्तदाता बढाउन रक्तदान महोत्सव




चितवन । उपचारका लागि रगतको अभाव भएपछि ब्लड डोनर्स सोसाइटी चितवनले आज यहाँ रक्तदान महोत्सव गरेको छ । विश्व रक्तदाता दिवस २०२५ का अवसरमा उद्योग सङ्घको प्रदशनी केन्द्रमा रक्तदान महोत्सव आयोजना गरिएको हो ।

महोत्सवको भरतपुर महानगरपालिकाप्रमुख रेनु दाहालले एक समारोहबीच उद्घाटन गर्नुभयो । उहाँले अस्पतालको केन्द्र बन्दै गरेको चितवनमा आयोजित महोत्सवले रगतको अभाव हुने समस्या समाधान गर्नेमा विश्वास व्यक्त गर्नुभयो ।

प्रमुख दाहालले भन्नुभयो, "मानव जीवनको महत्वपूर्ण काम रक्तदान पनि हो, जसले कसेको ज्यान बच्न सक्छ, रक्तदातालाई प्रोत्साहन गर्न आवश्यक छ ।"

जिल्ला समन्वय समिति प्रमुख नारायणप्रसाद अधिकारीले नयाँ रक्तदाता खोजेर रक्तदानमा उत्प्रेरित गर्नुपर्ने बताउनुभयो । समाजमा युवालाई रक्तदान गर्दा शरीरमा हानी हुँदैन भन्ने ज्ञान दिन जरुरी रहेको उहाँको भनाइ छ । सोसाइटी चितवनका अध्यक्ष एकराज पाठक, सोसाइटीका रत्ननगर नगरपालिका अध्यक्ष रमेश नेपाललगायतले रक्तदानबारे चर्चा गर्नुभएको थियो । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# रोकिएन वैदेशिक रोजगारीमा ठगी धन्धा

वैदेशिक रोजगारीमा जाने क्रम अझै पनि रोकिएको छैन । युवाहरुले आफ्नै मुलुकमा भविष्य देख्न नसकेपछि बाध्यतावश विदेशिनु परिरहेको छ । तर विदेशमा जागिरका लागि जानेहरु युवाहरु अझै पनि सुरक्षित छैनन् । जागिर र तलबभत्ता सुरक्षित नहुँदा उनीहरुको जिउने आधार पनि निकै खस्कँदो छ । तथापि सरकारले युवाहरुलाई आफ्नै मुलुकमा काम अनुसारको दाम दिन नसक्दा युवाहरु पलायन हुने क्रम जारी नै छ । मुलुकको राजनीति अधोगतितर्फ अग्रसर रहँदा यहाँको शिक्षा क्षेत्रसमेत खस्कँदो छ । शिक्षित वर्गले नै एकातिर युवाहरुलाई गुमराह राख्दा युवाहरु मुलुकमै लागूपद्धार्थ सेवनतर्फ लागिपरेको देखिन्छ । भने अर्कोतर्फ समाजमा विभिन्न खाले विकृति विसंगति र चोरी डकैतीका घटना पनि वृद्धि भइरहेको छ । आफ्नै मुलुकमा कृषि क्षेत्रतर्फ राम्रो अवसर हुँदा पनि राज्यले एकांकी ढंगले आफ्नैलाई अवसर दिँदा यस क्षेत्रमा लामो समयदेखि कार्य गर्दै आइरहेका युवाहरु निराश हुँदै पलायन भएर जसोतसो वैदेशिक रोजगारीका निम्ति जोहो गरी सपना बुन्ने गरेका छन् । जसोतसो विदेशमा पुगे पनि भनेको अनुसार जागिर र कागजमा लेखिएको अनुसार तलबभत्ता पाउनै मुस्किल भइरहेको गुनासो वैदेशिक रोजगारीमा रहेकाहरुको आफ्नो दुखेसो सुनाउने गर्छन् । सोही क्रममा शिक्षित युवाहरुको एक समूह काठमाण्डुमै बसेर सांगठनिक रुपमै राज्यसंयन्त्रसम्म पहुँच बनाएर गुमराह राखी लुट्न सकिरहेका छन् । यसतर्फ राज्यले समेत मौनता देखाएर आफ्नो निरीहता देखाउनु दुःखद नै हो । केही महिना अघि वैदेशिक रोजगारका लागि पोल्याण्ड पठाउने नाममा ठगी गर्दै आएकी महोत्तरीको बर्दिवासकी दीपाकुमारी पोखेललाई पनि प्रहरीले पक्राउ गरेको थियो । त्यसको करिब दुई महिनामै काठमाण्डुको नरेफाँटबाट अरुणराज शर्मा र लक्ष्मण पराजुलीलाई प्रहरीले पक्राउ गरे । तर त्यही इएलटी सेन्टरमा 'आइइएलटीएस' पढ्न आएकाहरूलाई वर्किङ र पर्मानेन्ट भिसा लगाएर बेलायत पठाउँछौं भन्दै रकम ठगेको आरोपमा पराजुली पक्राउ परेका छन् भने उनकी पत्नी सम्झना पौडेल भने फरार छिन् । सोही कार्यमा पराजुलीलाई सघाएको आरोपमा धनुषाको सवैला नगरपालिका-१२ का ४७ वर्षीय शर्मालाई प्रहरीले पक्राउ गरेको थियो । बेलायतको सपना देखाएर उनीहरूले ११ करोड ६ लाख ९७ हजार रुपैयाँ ठगेको प्रहरीको अनुसन्धानबाट देखिएको छ । ३८ जना पीडितहरूले उनीहरुविरुद्ध वैदेशिक रोजगार विभागमा उजुरी दिएपछि उनीहरुलाई पक्राउ गरिएको छ । आरोपीहरूले प्रतिव्यक्ति ३५ देखि ४० लाख रुपैयाँ असुलेको भेटिएको छ । विद्यार्थीहरूसँग असुलेको रकम भारतीय एजेन्टलाई बुझाएको उनीहरूले प्रहरीलाई बताएका छन् । त्यसैले युवादेखि विद्यार्थीहरुसंग पनि ठगी गर्ने गिरोह राजधानीमै बसेर दिउँसै ठगिरहेका छन् । यस्तो अवस्थामा राज्यले कानुन बमोजिम कारबाही गर्नतर्फ चासो र चनाखो हुनु जरुरी छ ।

# अमेरिकन डाँलरको वर्चस्व



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

'अमेरिका र अमेरिकन डाँलर' । अमेरिका नामक देश र सो देशको मुद्रा अमेरिकन डाँलर । प्रत्येक मुलुकको आफ्नो नाम र मुद्रा हुन्छ । त्यस्तै, अमेरिकाको पनि छ । यो सामान्य विषयजस्तो देखिएपनि अन्य मुलुकको मुद्राझैं अमेरिकाको मुद्रा सामान्य मुद्रा होइन् । यसले कुनै मुलुकको अर्थतन्त्रलाई उचाईमा पुऱ्याउने र धराशायी गर्ने क्षमता राख्छ । अमेरिकन डाँलरको अभाव भयो भने दुई देशबीच आयात निर्यात नै प्रभावित हुने प्रवल सम्भावना रहन्छ । सो कारणले विश्वका अधिकांस मुलुक अमेरिकन डाँलरको भण्डारणगर्न बढी अग्रसरता देखाउँछ । जसरी अमेरिकाले प्रथम विश्वयुद्धपछि शक्तिशाली राष्ट्रको रुपमा आफ्नो पहिचान कायम गर्दै गयो, त्यसरी नै अमेरिकन डाँलरले दोश्रो विश्वयुद्धपछि विश्वका सवै मुद्रालाई धेरै पछाडि छोडेर आफ्ना छुट्टै विशिष्ट पहिचान स्थापित गरेका छन् ।

अमेरिका एक महाशक्ति राष्ट्र हो । यसले विश्वमा आफ्नो बर्चस्व कायम गर्न साम, दाम,दण्ड र भेदको नीति अपनाउँदै आइरहेका छन् । आवश्यक परेको खण्डमा सैन्यवल समेत लड्नका लागि पठाउने गर्छन् । विगत सात दसकको अवधिमा अमेरिकाले अफ्गानिस्तान, कम्बोडिया, वियतनामलगायत दर्जनौं मुलुकमा हतियार र सेना पठाएर अधिनस्थ कायम गर्न खाजेका छन् । यो त अमेरिकाको आफ्नो रणनीतिक विषय भयो । तर, मुद्रा नीति त झन खतरनाक छ । अमेरिकन डाँलरले विश्वका अधिकांस मुलुकको अर्थतन्त्रसँगै सत्तामा उलटपुलट गराउनमा अस्त्रको रुपमा उपयोग हुँदै आएको छ ।

दोश्रो विश्वयुद्ध युरोपियन मुलुकको लागि एक किसिमले अभिशाप नै थियो । तर, अमेरिकाको अर्थतन्त्रसँग सामरिक राष्ट्रको पहिचान बनाउनमा वरदानकै रुपमा देखापऱ्यो । सो विश्वयुद्धकै कारण अमेरिकन डाँलरले विश्वमैं आफ्नो बर्चस्व कायम गऱ्यो । ठूलो परिमाणमा सुनको भण्डारणका साथै अमेरिकाले अस्त्रशस्त्र र लडाकु जहाज विक्री गरी अर्थतन्त्रलाई सशक्त बनाएको देखिन्छ ।

सन् १९३९देखि १९४५सम्म ६ बर्षसम्म जारी दोश्रो विश्वयुद्धमा युरोपका प्रायः सवै मुलुक युद्धमा सक्रिय भएर जुटेका थिए । अमेरिकापनि युद्धमा सहभागी थियो । अर्कोतर्फ, सो युद्धमा अमेरिकाले हतियार र लडाकु विमानको व्यापक रुपमा विक्री गर्यो । अमेरिकाले सुन लिएर हातहतियार र लडाकु विमान बेच्ने गर्दथे । सुनको साटेर हतियार बेच्दा अमेरिकासँग २२ हजार टन सुनको भण्डारण भयो ।

अर्कोतर्फ, युरोपका अधिकांस मुलुकको आर्थिक अवस्था जर्जर भइसकेको थियो । वेलायतले आफ्ना औंपनिवेसिक राष्ट्रको सैन्यशक्तिलाई थप वलियो बनाउन आर्थिक सहयोग गर्नुपर्ने बाध्यताले गर्दा अर्थतन्त्र तहसनहस भयो । सो कारणले बेलायतको मुद्रा पाउण्डको अवमूल्यन हुँदै गयो । बेलायतजस्तै युरोप, एशियालगायत महादेशका दर्जनौं मुलुकको अर्थतन्त्र धराशायी अवस्थामा पुगेको थियो ।

अमेरिकासँग सुन बेचेर हतियार खरिद गरेकाले कतिपय मुलुकसँग सुनको मोज्दात एक किसिमले शुन्यको अवस्थामा पुगेको थियो । ति मुलुकहरुसँग आन्तरिक अवस्थामा सुधारगर्न रकमको व्यापक अभाव थियो । कुनै मुलुकसँग आयात गर्नुपर्दा सुन पनि नरहेको र वेलायती मुद्रा धेरै अवमूल्यण भइसकेकाले खासगरी, युरोपियन मुलुकहरु सवैको मान्य हुने एक सशक्त मुद्राको खोजीमा थियो ।

विश्वयुद्ध हुनुअगावै अन्तर्राष्ट्रिय व्यापार मुख्य रुपमा बिट्रिस पाउण्डमा वा सुन धातुमा हुने गर्दथ्यो । यो एक स्थिर विनिमय दर प्रणालीको हिस्सा थियो । जसलाई स्वर्णमापकको रुपमा पहिचान स्थापित थियो । स्वर्णमानकलाई प्रमुख मुद्रासँग तुलना गरिन्थ्यो । कति मुद्रामा कति वजन सुन लिने दिने निर्धारण गरिन्थ्यो । अन्य मुद्रापनि सुनसँग जोडिएपनि पाउण्डको साथ निर्धारण गरिएको विनियम दरको आधारमा कारोवार हुन्थ्यो ।

विश्वयुद्धको पटाक्षेपपछि आगामी दिनमा व्यापार कसरी गर्ने भनेर अमेरिकाको वासिङ्गटनमा युरोपियनलगायत मुलुकको विस्तृत वैठक बस्यो । पाउण्ड मुद्राको धेरै बढी अवमूल्यन भइसकेकाले कुन मुद्रामा व्यापारगर्ने सम्बन्धमा गहन छलफल भयो । सोही क्रममा अमेरिकाले डाँलरमा कारोवारगर्न प्रस्ताव गरे । अमेरिकाले अव सुन धातु नलिने बरु बेच्ने मनसाय राखेको थियो । अमेरिकाले आफ्नो अमेरिकन डाँलर ऋणको रुपमा उपलब्ध गराउने प्रस्ताव गऱ्यो ।

सो डाँलरको माध्यमबाट मुलुकहरु एकापसमा व्यापारिक कारोवार गर्न सक्ने वा डाँलर अमेरिकालाई दिई सो बापत सुन लिनुपर्ने शर्त राख्यो । अमेरिकासँग ठूलो परिमाणमा रहेका सुन बेच्ने मुख्य उद्देश्य थियो । सुन खरिद गर्न र व्यापारगर्न अमेरिकाले अन्तर्राष्ट्रिय जगतलाई ऋणमा डाँलर दिन थाल्यो । त्यो बेला २८ ग्राम सुनको मूल्य ३५ डाँलर निर्धारण गरिएको थियो । सवै देशले अन्तर्राष्ट्रिय मुद्राको रुपमा डाँलरलाई मान्यता प्रदान सहमति गऱ्यो । विभिन्न देशहरुले व्यापक रुपमा डाँलरको माग गर्न थाल्यो ।

अमेरिकासमक्ष धेरै बढी डाँलर छाप्यो भने डाँलरको अवमूल्यन हुने चिन्ता थियो । सन् १९६० मा वेलायतमा २८ ग्राम सुनको मूल्य ४० डाँलरमा पुग्यो । त्यसपछि, अमेरिकामा ३५ डाँलरमा २८ ग्राम सुन किनेर वेलायतस्थित गोल्ड एक्सचैंज बजारमा ४० डाँलरमा बेच्न थाल्यो । अमेरिकाले आपत्ति प्रकट गरेपछि वेलायतले सोको विकल्पमा ऋण माग गऱ्यो । अमेरिकाले ठूलो परिमाणमा ऋण दिएर गोल्ड एक्सचेन्ज बजार नै बन्द गराइ दियो । सन् १९७१मा अमेरिकी राष्ट्रपति निक्सनले अप्रत्यासित रुपमा सुन नबेच्ने घोषणा गऱ्यो । अन्तर्राष्ट्रिय जगत हत्तप्रभ भयो । अव, डाँलरले के गर्ने भनेर अतालिन थालेको थियो । कारण, थुप्रै राष्ट्रबीच कारोवार सुनबाट हुने गरिन्थ्यो । अमेरिकाले धोका दिएको आरोप लगाउन थाले । डाँलर त सवै देशमा मौंज्दात थियो । डाँलरलाई थन्काएर वा च्यातेर समाधान नहुने देखेर देशहरु अलमलमा परेका थिए । अन्ततः कतिपय मुलुकले डाँलरले अमेरिकामा उत्पादित सामान खरिद गर्न बाध्य हुनु पऱ्यो । त्यसपछि, अमेरिकाको बजार व्यापक रुपमा फैलिँदै गयो । सोही समयमा अरब मुलुकमा पेट्रोलियम पदार्थ व्यापक रुपमा भेट्न थाल्यो । सो बेलामा अधिकांस अरब मुलुकमा राजाको शासन थियो । राजालाई जनविद्रोहको डर सताइरहन्थ्यो । अमेरिकाले सुरक्षा दिने वचन दिए । सोको बदलामा डाँलरमैं तेल बेच्न सहमति गराए । विश्वयुद्धपछि आधुनिक युग शुरु भइसकेको थियो । उद्योगको स्थापना, विभिन्न प्रकारमा मालवाहक गाडीका साथै यात्रुवाहब वस, कारलगायतको निर्माण शुरु तीव्ररुपमा हुन थालेको थियो । प्रायः सवै मुलुकलाई तेल चाहिने भयो । अरब मुलुकहरु तेल डाँलरमैं बेच्ने प्रस्ताव राख्यो । डाँलरमैं तेल खरिद गर्नुपर्ने भएकाले अमेरिकन डाँलरको माग चौंतर्फी हुन थाल्यो । अन्तर्राष्ट्रिय जगतलाई डाँलरको मौज्दात राख्नुपर्ने बाध्यता पनि उत्पन्न भयो ।



विश्वको अर्थतन्त्र सवल हुँदै गयो । वितीय संस्था बैङ्क पनि धमाधम स्थापना हुन थाल्यो । अधिकांस कारोवार बैङ्कमार्फत हुन थालेपछि फेरी नयाँ समस्या सृजना भयो । दुई देशको बैङ्कबीच सम्झौंता छैन भने व्यापार गर्न रकम कसरी पठाउने समास्या उत्पन्न भयो । अमेरिकाले डाँलरको प्रभुत्व कायम गरिसकेको थियो ।

अव, अवसरको फाईदा उठाउने मनसायका साथ नयाँ नीति अघि सार्‍यो ।

अमेरिकाले सोसाइटी फाँर वर्ल्डवाइड इन्टरबैङ्क टेलीकम्युनिकेशंस (स्विफ्ट सिष्टम) यो एक वैश्विक सहकारी संस्थाको अवधारण ल्याए । जसको मुख्य लक्ष्य अन्तर्राष्ट्रिय सन्देश प्रणालीको रुपमा काम गर्नु थियो । यसले बैङ्क र अन्य वित्तीय संस्थानहरु बीच सुरक्षित र विश्वसनीय रुपमा वित्तीय लेनदेनको जानकारी साझा गर्नमा मदत गर्छ । एक देशको बैङ्कले अन्य मुलुकको बैङ्कमा रकम पठाउनु छ । तर, ति दुवै बैङ्कबीच सहमति भएको छैन भने सो रकम पहिले स्विफ्ट सिष्टममार्फत अमेरिकन बैङ्कमा पुग्नेछ । त्यसपछि, सम्बन्धित मुलुकको बैङ्कमा पठाइन्छ । यस्तो अवस्थामा डाँलरमै कारोवार हुन्छ । रुस -युक्रेनबीच युद्धमा रुसमाथि दवाव बनाउन अमेरिकाले स्विफ्ट प्रणलीमा रुसको कारोवारलाई रोक्यो ।तर, रुसले आफ्ना मित्र राष्ट्र सङ्घ स्थानीय मुद्रा र क्रेप्टो करेन्सीलाई उपयोगमा ल्याएको थियो ।

दुई मुलुकबीच व्यापार गर्न, तेल खरिद गर्न, वैदेशिकलगायत कुनैपनि आर्थिक कारोवार गर्दा बैङ्कमार्फत रकम पठाउन सो स्विफ्ट सिष्टममा अपनाउनुपर्ने नीतिलाई अधिकांस मुलुकले सहमति प्रकट गऱ्यो । यसले गर्दा, अन्तर्राष्ट्रियं कारोवार गर्न अमेरिकी डाँलर भरपर्दो एवम् स्थिर मुद्राको रुपमा स्थापित भयो । आर्थिक सङ्कटको समयमा निवेश गर्ने मुलुकले सुरक्षित मुद्राको रुपमा डाँलरमाथि नै विश्वास गर्छन् । अमेरिकामा आर्थिक मन्दी वा अन्य कुनै सङ्कट भएपनि अन्तर्राष्ट्रिय बजारमा डाँलरको माग कायम नै रहन्छ । किनभने, प्रत्येक राष्ट्रको आर्थिक व्यवस्था अमेरिकी डाँलरसँग जोडिएको छ ।

यसो हेर्दा, विश्व अर्थव्यवस्थामा 'अमेरिकन डाँलर' इन्धनको रुपमा आफ्नो भूमिका निर्वाह गरेको देखिन्छ । जव डाँलरमा कारोवार हुन्छ भने तीन किसिमले मूल्य प्रभावित हुन्छ । वस्तुको आपूर्ति, मांग र बजारलाई प्रभावित गर्छ । अमेरिकाले आफ्नो उत्पादन निर्यात गर्दा डाँलरमा गर्छ । त्यस्तै, अन्य मुलुकहरुले पनि वस्तु खरिदका लागि डाँलरकै प्रयोग गर्छन् ।

भारतले नेपाल, श्रीलङ्का, बङ्गलादेश र मारिशसका साथै संयुक्त अरब इमिरेट्ससँग भारतीय मुद्रामा पनि कारोवार गर्छन् । युरोपियन मुलुकका २० राष्ट्रका समूहले 'युरो' मुद्रा प्रचलनमा ल्याई विधिवत रुपमा सन् २००२बाट कारोवार शुरु गरेको हो ।

ट्रम्पको टैरिफ र आप्रवासन नीति

ट्रम्प दोश्रोपटक राष्ट्रपति भएपछि अमेरिकाको अर्थतन्त्रलाई वलियो बनाउनका लागि सजिलो बाटो अपनाएको देखिन्छ । अमेरिकामा आयातीत वस्तुमाथि मनलाग्दि कर लिने । त्यसबाट दुई किसिमका फाईदा उनको सोचाई झल्किन्छ । सामान आयात हुँदा करमा बृद्धि गरेपछि राजस्वमा बृद्धि हुने । अर्को, ति मुलुकका सामान महङ्गो भएपछि अमेरिकन वस्तुको माग बढनेछ । ट्रम्प यतिखेर, चीन र भारतसँग व्यापारिक प्रतिशोध साध्ने मनसाय राखेर अत्यधिक मात्रामा करमा बृद्धि गरेका छन् । भारतीय सामानमा कम्तिमा २६ प्रतिशत कर लिने निर्णय गरेको छ ।

अर्को, विनाकागजात अनिधिकृत रुपमा बसेका व्यक्तिलाई फिर्ता गरेपछि अमेरिकाको आर्थिक भार घटने उनको सोचाई हुनसक्छ । सोही क्रममा केही दिनअघि अमेरिकाको लसएजेल्समा आप्रवासीहरु सडक आन्दोलनमा उत्रेर आधा दर्जन गाडीमा आगजनी गऱ्यो । अहिले सो राज्यमा आपातकालको घोषणा गरेको छ । नेपालमा पनि आप्रवासीलाई फिर्ता पठाउने क्रम जारी छ ।

सन् २०२३-०२४मा भारतीयको विप्रेश्न रकम लगभग १३० बिलियन डाँलर अर्थात १३० अरब डाँलर प्राप्त भएको थियो । ४५ लाख भारतीयले सो रकम पठाएका हुन् । अव, अमेरिकाले विप्रेश्न रकममा साढे तीन प्रतिशत रकम करको रुपमा लिने घोषणा गरेको छ । यसबाट भारतीय कामदार अनाहकमा बढी कर तिर्नुपर्ने हुन्छ । ट्रम्पले विकासोन्मुख राष्ट्रको आयातीत वस्तुमा कुनै किसिमका करमा बृद्धि गरेको छैन् । ति मुलुकले अमेरिको बजारमा आफ्नो पकड बलियो बनाउन सक्छन् । नेपाललाई पनि यस अवसरको फाईदा उठाउनुपर्ने हो । 'इतिश्री'

# विश्वविद्यालयमा विद्यार्थी राजनीति



निर्मल भट्टराई

केही दिन अगाडि त्रिभुवन विश्वविद्यालयका उपकुलपतिको कार्यालयलगायतमा नेपाल विद्यार्थी संघबाट निर्वाचित स्वविवु पदाधिकारीकै संलग्नतामा तोडफोड भयो । भर्नाको अन्तिम म्याद सकिइसकेको स्नातक तहको भर्ना पुनः खोल्नुपर्ने माग राखेर गरिएको यो तोडफोडको सर्वत्र आलोचना भएको छ । सत्तारुढ प्रमुख घटकको भ्रातृ संगठनबाट भएको यो घटनाले विभिन्न आशङ्का र आक्रोश उत्पन्न गरेको छ ।

राजाको नेतृत्वमा सञ्चालित निरङ्कुश पञ्चायती व्यवस्थाविरुद्ध राजनीतिक स्वतन्त्रताको लडाइँको सिलसिलामा विश्वविद्यालयमा स्वतन्त्र विद्यार्थी युनियन अस्तित्वमा आएको थियो । तत्कालीन अवस्थामा प्रतिवन्धित नेपाली कांग्रेस र वाम पार्टीहरूको वैधानिक फोरमको रूपमा विद्यार्थी संगठन र स्वतन्त्र विद्यार्थी युनियनले लोकतान्त्रिक आन्दोलन सफल बनाउन अहम् भूमिका अदाह गरे । फलस्वरूप निरङ्कुश पञ्चायती व्यवस्थाको मटियामेटमात्र भएन, शताब्दियौं जरा गाडेर बसेको राजतन्त्र पनि गल्र्यामगुर्लुम ढल्यो । अहिले देश नयाँ युग, नयाँ संविधान, नयाँ संरचनातर्फ पुगेको पनि डेढ दशक नाघेको छ । त्यसैले प्रश्न उठ्छ- विल्कुल फरक युगमा देश पुगिसक्दा पनि त्रिवि स्वविवुको स्वरूप, संरचना र मिसनमा परिवर्तन हुनुपर्छ कि पर्दैन ?

राजनीतिक क्रान्ति सम्पन्न भएर देश शान्ति, स्थिरता र आर्थिक समृद्धिको चरणमा पुगेको छ । यो नेपालका सबै प्रमुख राजनीतिक पार्टीले भन्दै आएका छन् । कक्षा छोडाएर बटुलिएका विद्यार्थी अगाडि कुर्लिएर विद्यार्थी नेताहरू शान्ति, स्थिरता र आर्थिक समृद्धिका लामा-लामा जोशिला भाषण गरिरहेका छन्, तर नेपालको आर्थिक समृद्धि, शान्ति र स्थिरताको लागि अध्ययन, अनुसन्धान र प्राज्ञिक बहस गर्नुपर्ने विश्वविद्यालयमा त्यसलाई कम महत्व दिएर वा हानि पुऱ्याएर पार्टी राजनीतिका पट्यारलाग्दा बहस, संसदीय चुनावलाई बिर्साउने विद्यार्थी युनियनको चुनाव, तालाबन्दी, फरक राजनैतिक पार्टीप्रति आस्था राख्ने पार्टी वा गुट समर्थित विद्यार्थीबीच मार मुंग्री कति दिन गरिरहने ? वाद, सिद्धान्त र राजनीतिक व्यवस्थाको नक्कल गर्ने खप्पिस हामी विद्यार्थी सहभागिता र प्रतिनिधित्वको क्षेत्रमा ख्याति प्राप्त विश्वविद्यालयले अवलम्बन गरिरहेका राम्रा नीति भित्र्याए राम्रै हुने थियो ।विश्व विख्यात अक्सफोर्ड विश्वविद्यालयमा एक विद्यार्थी परिषद् कार्यरत छ । हाल २२ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत उक्त विश्वविद्यालयमा सो परिषद् विद्यार्थी संसदको रूपमा समेत चिनिन्छ । विद्यार्थीको अनुभवको वृद्धि, विद्यार्थीको अध्ययन गर्ने क्षमताको सुरक्षा, विद्यार्थीको आर्थिक, प्राज्ञिक तथा स्वास्थ्यसँग सम्बन्धित समस्याको समाधान, निष्पक्ष परामर्श सेवा, विद्यार्थीको नेतृत्वमा हुने शिक्षण अवार्ड, पत्रिका तथा रेडियो सञ्चालन, उच्च शिक्षा र शिक्षामा लगानीसम्बन्धी राष्ट्रिय बहस यो परिषद्का केही प्रमुख उद्देश्य हुन् । यहाँ जो-कोही विद्यार्थीले शिक्षा र अन्य व्यवस्थापनबारे आफूलाई गम्भीर लागेको विषय मतदानको लागि प्रस्ताव पेश गर्नसक्छ । त्यहाँको कामकारबाहीमा कुनै किसिमको राजनीतिक गन्ध वा पक्षपात हुँदैन । त्यहाँ संसारभरबाट जम्मा भएका विद्यार्थीले आफ्ना विचारहरू टेबल गर्छन्, तात्तातो बहस गर्छन्, परिवर्तन र नयाँ खोजको वातावरण तयार गर्छन् ।

अमेरिकाको कान्सास विश्वविद्यालयमा पनि यस्तै व्यवस्था पाइन्छ । त्यहाँको विद्यार्थी युनियनको सबभन्दा मुख्य नारा नै 'अनुभवको विकास र समुदायको सिर्जना' रहेको छ । यसको अतिरिक्त विद्यार्थीको क्षमताको प्रस्फुटन, शैक्षिक र प्राज्ञिक क्षेत्रमा विद्यार्थीको अधिकतम सहभागिता सो युनियनका प्रमुख कार्यक्षेत्र हुन् । त्यहाँका विद्यार्थीद्वारा प्रवचनहरूको आयोजना, संवाद समूहको निर्माण हुन्छ । ख्याति प्राप्त राजनीतिज्ञ र विज्ञलाई ज्ञान बाड्ने प्रयोजनका लागि आमन्त्रण गरिन्छ र सार्वजनिक सेवामा संलग्न र प्रतिबद्ध विद्यार्थी नेताहरूलाई सम्मान र पुरस्कृत गरिन्छ । फगत राजनीतिक गतिविधि गर्न भने त्यहाँ वर्जित छ ।



एसियाकै ख्याति प्राप्त विश्वविद्यालय जवाहरलाल नेहरू विश्वविद्यालय (जेएनयू)को विद्यार्थी युनियनको चुनाव त विभिन्न विद्यार्थी संगठनको सहभागितामा नेपालको स्वविवुकै शैलीमा हुन्छ, तर उक्त विद्यार्थी युनियनले सभ्य राजनीतिक संस्कार निर्माण गर्ने, विभिन्न क्षेत्रका ख्याति प्राप्त विद्वान, राजनीतिज्ञ, पत्रकार, उद्योगपतिलगायतलाई आमन्त्रण गरेर राष्ट्रिय अन्तर्राष्टिय मुद्दाहरूमा खुला बहस सञ्चालन गर्छ । यसले गम्भीर रात्रीभोज बैठक सञ्चालन गर्छ । चुनावहरूमा करिब पाँच हजार (जेएनयूमा ३० हजारभन्दा बढी विद्यार्थी अध्ययन गर्छन्) मात्रले मतदानमा भाग लिएका थिए । यसले के देखाउँछ भने यहाँ जस्तो त्यहाँ घर डेराबाट विद्यार्थी ओसारेर आमचुनाव जस्तो मतदान हुँदैन ।

नेपालको जेठो त्रिभुवन विश्वविद्यालयको परिस्थिति विल्कुल भिन्न छ । सबैलाई थाहा छ, केही अपवादलाई छोडेर विदेशी र निजी विश्वविद्यालय अध्ययन गर्न नसक्ने विद्यार्थी त्रिविमा अध्ययनरत छन् । राजनीतिशास्त्र, अर्थशास्त्र, गणित, भूगोललगायतका विषयका विद्यार्थी भर्नादर प्रत्येक वर्ष घट्दैछ । त्रिविका धेरै आंगिक क्याम्पसहरूमा एकदुई विद्यार्थीको लागि एक प्राध्यापकको नियुक्ति वा पदस्थापन गर्नुपर्ने बाध्यता देखिँदैछ । यही परिस्थिति जारी रहेमा एक विद्यार्थी पढाउन जनताको करबाट चलेको त्रिविले वार्षिक अधिकतम सात लाखसम्म खर्च गर्नुपर्ने हुन्छ । अर्कातिर प्राध्यापक या त निजी कलेजमा व्यस्त हुनुपरेको या राजनीतिमा लाग्नु परेको कारणले त्यो विद्यार्थीलाई पढाउन भ्याउँदैनन् र उसको शैक्षिकस्तर राम्रो हुन पाउँदैन । अझ विद्यार्थी पनि राजनीतिमा रहेछ भने त त्यत्रो लगानीबाट शैक्षिक उपलब्धि हात लाग्यो शून्य हुनु अनिवार्य छ । एसियामा राम्रो ख्याति कमाइसकेको त्रिविको यस्तो हालतलाई टुलुटुलु हेरेरैमात्र बस्ने हो ?त्रिविका शिक्षक, कर्मचारी र पदाधिकारी नियुक्ति गर्दा योग्यता, क्षमताको निष्पक्ष प्रतिस्पर्धाको आधार बनाइनुपर्नेमा पञ्चायत रहुञ्जेल व्यक्तिको व्यवस्थाप्रतिको बफादारी प्रमाणित गर्ने प्रहरी प्रतिवेदनलाई छनोटको प्रमुख आधार बनाइयो । प्रजातान्त्रिक गणतान्त्रिक शासन व्यवस्थामा छनोटको मुख्य आधार पार्टीको सिफारिस बनाइयो, बनाइँदैछ । शैक्षिक प्राज्ञिक मापदण्डभन्दा पार्टीगत भागबन्डा त्रिवि पदमा नियुक्तिको आधार कायम छ । यो परिपाटी नफेरी त्रिवि र अरु विश्वविद्यालयको भविष्यलाई सुन्दर बनाउन सकिँदैन ।

त्रिविको विद्यार्थी युनियनको वर्तमान संरचनालाई आमूल सुधार गर्न ढिला भइसकेको छ । विद्यार्थीहरूको हकहित चाहने हो भने चुनावको लागि भर्ना गर्ने काका उमेरका विद्यार्थीको हातबाट विद्यार्थी युनियनको नेतृत्व खोसेर वास्तविक विद्यार्थीको हातमा सुम्पनुपर्छ । निश्चित उमेर समूहका, राजनीतिभन्दा अध्ययनलाई प्राथमिकता दिने, मेधावी र वास्तविक विद्यार्थीले मात्र शैक्षिक उन्नति र विद्यार्थीको हकहितमा बढी काम गर्न सक्छन् । सबैभन्दा बढी अंक ल्याउने विद्यार्थीको पदेन प्रतिनिधित्व हुने गरी स्वविवुलाई गैरराजनीतिक थलोको रूपमा विकास गर्न सकिन्छ ।

आफ्ना छोराछोरीलाई राजनीतिले नछुने स्वदेशी वा विदेशी शैक्षिक संस्थामा पढाएर गरिबका छोराछोरी पढ्ने कलेजमा राजनीति गर्न कार्यकर्ता पठाउने नेताहरूको घैंटोमा घाम कहिले लाग्ने हो ? शिक्षा क्षेत्रमा यस्ता कतिपय गम्भीर समस्या छन्, त्यसलाई टालटुल गरेर होइन, आमूल सुधार गरेरमात्र सही गन्तव्यमा पुग्न सकिन्छ । समाजमा विद्यमान विकृतिलाई हटाउने, अग्रगमनका लागि संविधान र ऐनमा संशोधन र सुधार गर्ने, सुशासन कायम गर्ने लक्ष्यसहित बनेको वर्तमान गठबन्धनले विश्वविद्यालयमा भइरहेको अचाक्ली राजनीति रोक्न आवश्यक कानूनी र संरचनात्मक सुधार गर्ने अपेक्षा गर्न सकिन्छ ।

# ‘चीनले नेपालको सार्वभौमसत्तालाई सधैं समर्थन गर्छ’

टुडे समाचारदाता

काठमाण्डु । चीनको अन्तर्राष्ट्रिय अध्ययन संस्थान (सीआईआईएस) का निर्देशक डा याङ छेनसीले चीनले नेपालको सार्वभौमसत्ता,भौगोलिकअखण्डता र विकासको अधिकारलाई सधैं समर्थन गर्ने बताएका छन् ।




चीनको नेपाल नीति कुनै पार्टी विशेष नभई जनतामा केन्द्रित रहेको र ’समृद्ध नेपाल, सुखी नेपाली’ को राष्ट्रिय आकांक्षामा चीन सधैं सहयात्री बन्ने उनले प्रतिबद्धता व्यक्त गरे ।

परराष्ट्र मन्त्रालयले शनिबार आयोजना गरेको ’चौथो यदुनाथ खनाल व्याख्यान शृंखला’ मा ’चीनको विदेश नीति र नेपाल-चीन सम्बन्ध’ विषयमा उनले उक्त धारणा राखेका हुन् ।

निर्देशक याङले चीन-नेपाल सम्बन्ध हिमाल र नदीले जोडेको मात्र नभई १६ सय वर्ष पुरानो बौद्ध धर्मको आदानप्रदानदेखि भृकुटी र अरनिकोको सांस्कृतिक योगदानसम्म फैलिएको गौरवशाली इतिहास रहेको बताए । उनले विश्वको सर्वोच्च शिखर सगरमाथा दुवै देशको साझा पहिचान र मित्रताको प्रतीक भएको पनि बताए ।

नेपालले एक-चीन नीतिलाई दृढतापूर्वक पालना गरेको र ताइवान तथा तिब्बतलाई चीनको अविभाज्य अंगको रूपमा स्वीकारेकोमा उनले प्रशंसा गरे । आफ्नो भूमिबाट कुनै पनि चीनविरोधी गतिविधि हुन नदिने नेपालको प्रतिबद्धता र ल्हासामा रहेको नेपालको महावाणिज्य दूतावास तिब्बतमा एक मात्र विदेशी कूटनीतिक नियोग हुनुले दुई देशबीचको गहिरो पारस्परिक विश्वासलाई दर्शाउने उनको भनाइ थियो ।

उनले बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) अन्तर्गतको सहकार्य र सन् २०१९ मा स्थापित ’विकास र समृद्धिका लागि रणनीतिक साझेदारी’ले नेपाल-चीन सम्बन्धलाई ऐतिहासिक उचाइमा पुऱ्याएको पनि बताए ।

सन् २०२५ मा नेपाल र चीनबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७० औं वार्षिकोत्सव मनाइने र त्यसले सम्बन्धलाई थप प्रगाढ बनाउन नयाँ अवसर प्रदान गर्ने उनले उल्लेख गरे । चीन र नेपालबिच सन् १९५५ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै पञ्चशीलका सिद्धान्तमा आधारित सम्बन्ध रहँदै आएको उनले स्मरण गराए ।

डा. याङले जनस्तरको सम्बन्ध पनि सुमधुर बन्दै गएको पनि धारणा राखे । नेपालका विभिन्न शिक्षण संस्थामा सञ्चालित कन्फ्युसियस इन्स्टिच्युट र चिनियाँ भाषा सिक्ने ३० हजारभन्दा बढी विद्यार्थीले सम्बन्धलाई बलियो बनाएको उनको दाबी थियो ।

सन् २०२५ लाई ’चीन-नेपाल पर्यटन वर्ष’ घोषणा गरिएको जानकारी दिंदै गत वर्ष एक लाखभन्दा बढी चिनियाँ पर्यटकले नेपाल भ्रमण गरेको र यो संख्या अझै बढ्ने अपेक्षा व्यक्त गरे । रासस

# ‘विश्वविद्यालय सुधारका लागि शीर्ष नेतृत्वको प्रतिबद्धता आवश्यक छ’

टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं शिक्षा विभाग प्रमुख नैनसिंह महरले विश्वविद्यालय र समग्र शिक्षा प्रणाली सुधारका लागि राजनीतिक दलहरूका शीर्ष नेतृत्वको प्रतिबद्धता आवश्यक रहेको बताएका छन्। नेपाल पब्लिक क्याम्पस सङ्घले ललितपुरमा आयोजना गरेको सामुदायिक क्याम्पसहरूको दिगोपन र उत्कृष्टता सम्बन्धी राष्ट्रिय संवाद कार्यक्रमलाई सम्बोधन गर्दै महरले सबै दलको शीर्ष नेतृत्वको सामूहिक प्रतिवद्धताबाट मात्र शिक्षा क्षेत्रमा अपेक्षित सुधार हुने बताएका हुन् ।




‘शिक्षामा मनग्य लगानी गरेका देशहरूमा पनि आसातित प्रगति हासिल गर्न सकिएको छैन। हाम्रोमा त लगानी नै कम छ। यहीबिच नेपालका विश्वविद्यालयको कुरा गर्दा म नेविसंघको अध्यक्ष हुँदा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वविद्यालयका पदाधिकारीहरूको नियुक्ति खुला प्रतिस्पर्धाबाट हुनुपर्छ भनेर माग गरेका थियौं। त्यो माग सम्पूर्ण रूपले कार्यान्वयन नभए पनि बामे सरेर अगाडि बढेको छ’ उनले भने ।

कुनै विषय पनि राजनीतिबाट सम्पूर्ण रूपमा अलग त हुनै सक्दैन तर विश्वविद्यालयको शिक्षामा चरम दलियकरण हुनु हुँदैन भन्नेमा भने आफू प्रस्ट रहेको महरले बताए ।

‘शिक्षा भित्रको दलीयकरण रोक्न पार्टीका शीर्ष नेताहरूको प्रतिवद्धतासँगै कार्यान्वयन आवश्यक छ । विद्यार्थी सङ्घ सङ्गठनका नेताहरू पनि पार्टीका नेता हुन्। प्राध्यापकका सङ्घ सङ्गठन पनि दलसँग आबद्ध छन्। अन्य कर्मचारी युनियन पनि कुनै न कुनै रूपमा दलसँगै आबद्धता हुन्छ। विश्वविद्यालयका प्रमुख पदहरूमा नियुक्तिका प्रावधान, करिकुलम निर्माण र पूर्वाधार निर्माणको विषय पनि राजनीतिको संलग्नता प्रत्यक्ष,अप्रत्यक्ष रूपमा त हुन्छ नै । राजनीतिको यस्तो संलग्नता हुँदा पनि विश्वविद्यालयलाई दलीय करणबाट टाढा राख्न सबै दलका शीर्ष नेताहरूले एक ठाउँमा उभिएर प्रतिबद्धता व्यक्त गरेर कार्यान्वयन गर्नै पर्छ,’ महरले भने ।

विश्वविद्यालयको स्वायत्तता र प्राध्यापकहरूको प्राज्ञिक मर्यादा कायम राख्न अति आवश्यक हुँदाहुँदै पनि त्यसका लागि प्राध्यापकहरूको व्यवहार पनि प्राज्ञिक मर्यादा राख्ने तरिकाको सङ्लो हुन आवश्यक रहेको उनले बताए । कमजोरीका सबै प्वाल टाल्दा मात्र विश्वविद्यालयको शिक्षा प्रणालीमा सुधार गर्न सकिने उनले धारणा राखे ।

# जनताको हितका लागि सत्तापक्षसँग दुईबुँदे सहमति: अध्यक्ष प्रचण्ड



टुडे समाचारदाता

विराटनगर । नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सत्तारुढ दलहरूसँग भएको दुई बुँदे सहमति पालना नभए एक महिनापछि फेरि विरोधमा उत्रिने बताएका छन् ।

विराटनगर विमानस्थलमा शनिबार सञ्चारकर्मीहरूसँगको कुराकानीको क्रममा उनले सदनबाट केही महत्त्वपूर्ण ऐन पारित गर्नुपर्ने भएकोले पनि सहमतिमा जानुपरेको बताए। उनले भने - ’अहिले हामीले एकातिर सङ्घीय निजामती ऐन छिटोभन्दा छिटो पारित गर्नुपर्नेछ, लाखौं शिक्षकहरुको माग अनुसार विद्यालय शिक्षा ऐनलाई अन्तिम रूप दिनुपर्ने छ । टीआरसीसँग सम्बन्धित कयौं विषय अगाडि बढाउनुपर्ने छ। यस्तो बेलामा सदन अवरोधले मात्र निकास ननिस्कने भएकोले सहमतिमा गएका हौं ।’

प्रतिनिधिसभा बैठकमा गृहमन्त्री रमेश लेखकले चेतावनीको भाषा बोलेकोबारे पत्रकारको प्रश्नमा प्रचण्डले त्यसको जिम्मेवार लेखक नै हुने उल्लेख गरे । ’सुशासनको निम्ति भिजिट भिसा प्रकरणको निष्पक्ष छानबिन हुनुपर्छ भन्नेमा हाम्रो जोड रहन्छ। अध्ययन गहिरो गरी हुनुपऱ्यो, संरचना बन्नुपऱ्यो। त्यो कुरामा सहमति भएको छ’ प्रचण्डले भने ।

पार्टी उपाध्यक्ष अग्नि सापकोटाको मुद्दासँग गृहमन्त्रीको राजीनामा साट्यो भन्ने आरोपलाई उनले सोझै इन्कार गरे। उनले भने-’यो वाहियात कुरा मानिसहरूले प्रचार गर्ने गऱ्या छन्। त्यस्तो केही होइन। भिजिट भिसा प्रकरण र अग्नि सापकोटाको कुनै साइनो सम्बन्ध छैन ।’

दुई बुँदे सहमतिपछि माओवादी सत्तामा जान चाहेको हो ? भन्ने प्रश्न पनि उनले खण्डन गरे । अहिले सत्तारुढ दलसँग भएको सहमति सत्तासँग सम्बन्धित नरहेको उनको भनाइ छ ।

एक फरक प्रसङ्गमा प्रचण्डले पूर्व राष्ट्रपति र उपराष्ट्रपतिलाई राजनीतिमा आउन कुनै ऐन कानुन वा विश्वको कुनै परम्पराले नरोकेको जिकिर गरे ।

# वातावरण संरक्षण र प्रदूषण नियन्त्रणमा अर्थमन्त्रीको जोड

काठमाण्डु । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रणलाई सरकारले प्राथमिकतामा राखेर काम गरिरहेको बताउँदै त्यसमा हरेक नेपालीको सहयोग आवश्यक भएकामा जोड दिनुभएको छ ।

अन्नपूर्ण मिडिया नेटवर्कले आज यहाँ आयोजना गरेको विद्युतीय सवारीसाधन ‘इभी ऱ्याली’मा उहाँले वातावरण संरक्षणलाई जलवायु परिवर्तनका कारण उत्पन्न हुनसक्ने जोखिमलाई दृष्टिगत गरेर तदनुरुप नीति निर्माणमा लागेको बताउनुभयो ।




अर्थमन्त्री पौडेलले भन्नुभयो, “स्वच्छ वातावरणको सुनिश्चितता कुनै देश विशेषको नभएर सिङ्गो पृथ्वीको साझा चासो हो । एकातिर विकासका आवश्यकतालाई सम्बोधन गर्नुछ भने अर्कोतिर स्वच्छ वातावरण निर्माण । ‘सगरमाथा संवाद’ आयोजना गरेर हामीले वातावरण संरक्षणका निम्ति हामी प्रतिबद्ध रहेको सन्देश दिएका छौं ।”उहाँले विद्युतीय सवारीसाधनको प्रवर्द्धनमा सरकार दृढतापूर्वक उभिएको बताउनुभयो ।

कार्यक्रममा अन्नपूर्ण मिडिया नेटवर्कका अध्यक्ष क्याप्टेन रामेश्वर थापाले मिडियाको काम समाचार सम्प्रेषण मात्र नभई वातावरण संरक्षणमा पनि भएकाले आफूहरू त्यो अभियानमा लागेको बताउनुभयो । रासस

# ‘प्राप्त अधिकारलाई प्रभावकारी कार्यान्वयन गर्न मधेसी समुदाय एकजुट हुनुपर्छ’

टुडे समाचारदाता

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर शाह सुडीले प्राप्त अधिकारलाई संस्थागत गर्दै ती अधिकारको प्रभावकारी कार्यान्वयनका लागि मधेसी समुदाय एकजुट हुनुपर्नेमा जोड दिएका छन् ।



सुडी समाज काठमाण्डु, महिला उपसमितिले आज यहाँ आयोजना गरेको ‘स्तन तथा पाठेघरको मुखको क्यान्सरसम्बन्धी निःशुल्क प्रशिक्षण’ कार्यक्रममा उनले पहिलेको तुलनामा कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकालगायत राज्यका सबैजसो संरचनामा मधेशी समुदायको सहभागिता बढ्दै गएको उल्लेख गर्दै थप अधिकार प्राप्तिका लागि एकीकृत हुँदै संयुक्त रूपमा लाग्नुपर्ने बताए ।

मन्त्री सुडीले भने, ‘मधेशमा भएको लामो सङ्घर्ष र बलिदानबाट मधेशी समुदायले कतिपय हकअधिकार प्राप्त गरेका छन्, नीति निर्माण तहमा पनि सहभागिता बढ्दै गएको छ । तर अझै धेरै महत्त्वपूर्ण अधिकार प्राप्त हुन नसकेको अवस्थामा ती अधिकार प्राप्त गर्न समुदाय एकजुट हुनु जरुरी छ ।’

सुडी समाजको विकास, उत्थान र उन्नतिका लागि समुदायका सबै जहाँ भए पनि एकताबद्ध भएर लाग्नुपर्ने आवश्यकता औंल्याउँदै मन्त्री सुडीले राजनीतिक, सामाजिक, आर्थिक र शैक्षिक रूपमा सबल र सशक्त समाज निर्माणका लागि समाजले मार्गदर्शकका रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) नेत्री तथा प्रतिनिधिसभाका सांसद जुलीकुमारी महतोले मधेशी महिलाको आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिकसँगै समग्र विकासका लागि राज्यले लगानी गर्नुपर्नेमा जोड दिइन् ।

सुडी समाज काठमाण्डुका अध्यक्ष शीतलप्रसाद महतोले महिलामा हुने स्तन र पाठेघरको क्यान्सरबारे सचेतना जगाउने उद्देश्यले समाजले ‘क्यान्सरका लक्षण र उपचारबारे डाक्टर संवाद’ कार्यक्रम आयोजना गरेको जानकारी दिए ।

# ‘कानुन हामीले बनाउने हो, शिक्षक महासङ्घले होइन’

टुडे समाचारदाता

काठमाण्डु । पूर्व शिक्षामन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सुमना श्रेष्ठले विद्यालय शिक्षा विधेयक बनाउने विषयमा बाह्य प्रेसर सह्य नहुने बताएकी छन्। शिक्षा समिति बैठकमा विद्यालय शिक्षा विधेयकमाथि छलफलमा आफ्नो धारणा राख्दै श्रेष्ठले ऐन बनाउने विषयमा बाह्य प्रेसर तथा हस्तक्षेप सह्य नहुने बताएकी हुन् ।

सरकार नेपाल शिक्षक महासङ्घ, प्याब्सन, एनप्याब्सन, हिसान जस्ता सङ्घ संस्थाको दबाबमा परेको बताइन। ऐन बनाउने जिम्मेवारी संसद्को भएको बताउँदै उनले त्यसका लागि सरकारलाई रुलिङ गर्न सभापतिसँग अनुरोध गरिन् ।

अङ्ग्रेजीमा एउटा भनाइ छ- ’डज द डग वाग द टेल, अर डज द टेल वाग द डग ? कुकुरले पुच्छर हल्लाउने कि पुच्छरले चाहिँ कुकुर हल्लाउने ? हामीले बनाउने हो कि संघ सङ्गठनहरूले विधेयक बनाउने ?’ उनले प्रश्न गरिन् ।

महासङ्घले पोलिटिक प्रेसर दिन्छ भने त्यो पार्टीले थेग्नुपर्ने र त्यसको असर सांसदलाई पार्न नहुने उनले बताइन् ।

# ‘नयाँ शक्तिहरु किन अलमलमा पर्यो विमर्ष गर्ने धेरै पाटा छन्’

काठमाण्डु । नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले नयाँ शक्तिलाई समेटेर वैकल्पिक राजनीतिललाई अगाडि बढाउन वैकल्पिक शक्तिसँग सहकार्य गरेर अघि बढ्नुपर्ने आवश्यकतामा जोड दिनुभएको छ ।



१०औं पार्टी स्थापना दिवसका अवसरमा आज आयोजित ‘वैकल्पिक राजनीतिको अर्जुनदृष्टि: राजनीतिक पुनःसरचना, सुशासन र समृद्धि’ विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै उहाँले युवा पुस्तामा वैकल्पिक राजनीतिक चेतना अभिवृद्धि गर्दै मुलुकको आर्थिक समृद्धिमा क्रियाशील हुनुपर्ने बताउनुभयो ।

“नयाँ शक्ति जुन उत्साहकासाथ सुरु गरिएको थियो पछिल्लो चरणमा अलिकति बरालिएकै हो, अपेक्षित उपलब्धी हाँसिल नभएकै हो”, उहाँले भन्नुभयो, “उपलब्धीलाई टेकेर नेपाललाई समृद्धिको यात्रामा लैजाने भनेर सुरु गरेका थियौं । तर यो किन अलमलमा पर्यो विमर्ष गर्ने धेरै पाटा छन् ।”

कार्यक्रममा नेकपा (एकीकृत समाजवादी)का महासचिव घनश्याम भुषालले अहिलेकै अवस्थाबाट राजनीतिलाई अगाडि बढाउन नसकिने भन्दै राजनीतिक आचरणलाई परिवर्तन गर्न जरुरी भएको बताउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द विप्लवले वैकल्पिक राजनीतिको माध्यमबाट आर्थिक दृष्टिकोण अलमल रहेको आत्मनिर्भर अर्थतन्त्रको विकास गरिनुपर्नेमा जोड दिनुभयो समाजवादी बहसलाई नयाँ पुस्तामा लैजान जरुरी छ । संयुक्त पहिचानवादी मोर्चा सचिवालय सदस्य खगेन्द्र माखिमले नेपाली राजनीतिमा वैकल्पिक राजनीति आवश्यक रहेको भन्दै वैकल्पिक शक्तिका लागि नेतामा वैकल्पिक सोच, संस्कार र संस्कृति आवश्यक रहेको बताउनुभयो ।

नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)ले पार्टी स्थापनाको १०औं बार्षिकोत्सव मनाएको हो । विसं २०७३ जेठ ३० गते वैकल्पिक शक्ति बनाउने अठोटसहित पूर्वप्रधानमन्त्री डा भट्टराई नेतृत्वमा नयाँ शक्ति पार्टी स्थापना भएको थियो । रासस

# कांग्रेस केन्द्रीय समितिको बैठक आगामी असार १५ गते बस्दै

काठमाण्डु । नेपाली कांग्रेसले आगामी असार १५ गते केन्द्रीय कार्यसमितिको बैठक बोलाएको छ ।

समसामयिक राजनीतिक विषयमा छलफल गर्ने उद्देश्यका साथ बैठक बोलाइएको मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।



बैठकमा केन्द्रीय कार्यसमितिका पदाधिकारी, सदस्य र आमन्त्रित सदस्यको उपस्थितीका लागि अनुरोध गरिएको मुख्यसचिव पौडेलको भनाइ छ । रासस


## विदेह नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

### तिनकौरिया, धनुषा

## दरभाउपत्र स्वीकृत गर्ने आशयको सुचना

**सुचना प्रकाशित मिति २०८२/०३/०१**

यस नगरपालिकाबाट मिति २०८२/०२/११ गते प्रकाशित आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि निशुल्क औषधी खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र अवाहनको सुचना अनुसार रितपुर्वक दर्ता भई खोलिएका उक्त सिलबन्दी दरभाउपत्रहरु यस नगरपालिकाको मुल्यांकन समितिबाट प्राविधिक र आर्थिक प्रस्तावमा छनौट भई मिति २०८२/०२/२९ गतेको मुल्यांकन समितिको सिफारिस तथा यस नगरपालिकाको मिति २०८२/०२/३० गतेको निर्णय अनुसार तपसिलको दरभाउपत्र स्वीकृतिको लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. न. | सुचना न. | कामको बिबरण | कबोल अंक मु.अ.कर बाहेक | सारभूत रुपमा प्रभावग्राही फर्मको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०२/२०८१-२०८२ | आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि निशुल्क औषधी खरिद | १५१४७४५।- | आदित्य इन्टरनेशनल जनकपुर-२ धनुषा | |

**प्रमुख प्रशासकिय अधिकृत**

# इरानद्वारा इजरायलमा जवाफी आक्रमण



एएफपी । इस्लामिक गणतन्त्र इरानको आणविक र सैन्य सुविधालाई लक्षित गरी इजरायलले गरेको आक्रमण पछि इरानले शनिबार इजरायलमा जवाफी आक्रमण गरेको छ ।

शनिबार इजरायली सेनाले बासिन्दाहरूलाई सुरक्षित आश्रयमा शरण लिन आह्वान गर्दै इरानबाट दर्जनौं क्षेप्यास्त्र प्रहार गरिएको बताएको छ ।

इरानको "रिभोलुसनरी गार्ड" ले इजरायलका दर्जनौं लक्ष्यहरूमा आक्रमण गर्दा तेल अवीवको डाउनटाउनका भवनहरू माथि धुवाँ उडिरहेको एएफपीले जनाएको छ ।

इजरायली अग्निशमन सेवाले आफ्नो टोलीहरूले इरानी क्षेप्यास्त्र आक्रमणको प्रतिक्रियामा प्रतिक्रिया दिँदै भवनमा फसेका मानिसहरूलाई उद्धार गर्ने काम गरिरहेको बताएको छ । इजरायली मिडिया रिपोर्टका अनुसार गुस दान क्षेत्रबाट ३४ जना घाइतेहरुको उद्धार गरेको उद्धारकर्ताहरूले बताएका छन् । उनीहरुका अनुसार ती मध्ये एक महिलाको उपचारको क्रममा मृत्यु भएको थियो । इरानको राजधानी तेहरानमा शनिबार मेहराबाद विमानस्थलबाट आगो र भारी धुवाँ निस्किएको एएफपीले जनाएको छ भने स्थानीय मिडियाले उक्त क्षेत्रमा विस्फोट भएको रिपोर्ट गरेका छन् ।

यसअघि इरानले आफ्नो हवाई रक्षा प्रणाली सक्रिय गरेको र राजधानी भरि विस्फोटको आवाज सुनिएको बताएको थियो ।

दर्जनौं मानिसहरू आफ्नो देशको सैन्य प्रतिक्रियालाई उत्साहित गर्न तेहरानको सडकमा राष्ट्रिय झण्डा फहराउदै इजरायल विरोधी नारा लगाएको जनाइएको छ ।

संयुक्त राष्ट्रसंघका लागि इरानी राजदूतले शुक्रबार इजरायलले गरेको आक्रमणमा ७८ जनाको मृत्यु हुनुका साथै ३२० जना घाइते भएको बताउनु भएको छ ।

आक्रमण पछि संयुक्त राष्ट्रसङ्घका प्रमुख एन्टोनियो गुटेरेसले दुई राष्ट्रलाई युद्ध विराम गर्न आह्वान गर्नु भएको छ । उहाँले सामाजिक सञ्जाल एक्स मार्फत युद्ध रोक्ने समय आएकाले कुटनैतिक समाधानको बाटोमा जानु पर्ने बताउनु भएको छ ।

# चितवनमा पहिलो पटक खुल्यो आर्चरी सेन्टर



**टुडे समाचारदाता**

भरतपुर । चितवनमा नै पहिलो पटक आर्चरी सेन्टर सञ्चालनमा आएको छ । भरतपुर ११ विशालचोकमा आज चितवन आर्चरी सञ्चालनमा आएको हो ।

आर्चरी सेन्टरको चितवन जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजन कार्कीले उद्धाटन गरे ।

कार्कीले ७० हजार वर्ष पुरानो इतिहास बोकेको आर्चरी चितवनमा भित्रिनु सुखद भएको उल्लेख आर्चरी मानव विकासको इतिहाससँग जोडिएको खेलको बताए ।

नेपालमा २०४४ देखि नै आर्चरी खेलको सुरुवात भए पनि पछिल्लो ७-८ वर्षयता मात्रै यस खेलले गति लिन थालेको उनले बताए । यस आर्चरी सेन्टरले यहाँका युवाहरुलाई पनि यस खेलप्रति आकर्षण बढाउन मद्दत मिल्ने उनको भनाइ थियो ।

चितवन आर्चरीका सञ्चालक निहाल जोशीले चितवनमा पहिलो पटक आर्चरी भित्र्याइएको बताए । बालबालिका र युवाहरुलाई खेलप्रति आकर्षित गर्न आर्चरी सेन्टर सुरु गरिएको उनले बताए । बालबालिका, युवादेखि सबै उमेर समूहले यहाँ आएर आर्चरी खेल्न सक्ने उनको भनाइ थियो ।

आर्चरीका लागि समय अनुसारको शुल्क निर्धारण गरिएको छ । एक घण्टाको लागि दैनिक ५ सय तथा आधा घण्टाका लागि दैनिक ३ सय रुपैयाँ लाग्नेछ ।

मासिक प्याकेज लिनेहरुका लागि एक घण्टाको मासिक ९ हजार तथा आधा घण्टाको मासिक ५ हजार लाग्ने सञ्चालक जोशीले बताए । इच्छुक खेलाडीका लागि आवश्यकता अनुसार प्रशिक्षक ल्याएर अभ्यास गराइने पनि उनले जानकारी दिए ।

खेलाडीलाई व्यवसायिक रुपमा अघि बढ्न पनि सहयोग गर्ने उनको भनाइ थियो । यस्तै खेलाडीहरुका लागि समय समयमा प्रतियोगिता आयोजना गर्ने पनि उनले जानकारी दिए ।

# इजरायल विरुद्ध तत्काल कदम चाल्न इरानद्वारा संयुक्त राष्ट्रसंघलाई आह्वान

क्यूएनए । इरानी विदेश मन्त्री अब्बास अराघचीले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टानियो गुटेरेससँग फोन वार्तामा द्वन्द्व उक्साएकोमा इजरायली



सेना विरुद्ध तत्काल कारबाही गर्न आग्रह गर्नु भएको छ ।

फोन वार्तामा अराघचीले इजरायली आक्रमणले इरानको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको अधिकारमाथी प्रहार गरेको उल्लेख गर्नु भएको छ ।

यसलाई उहाँले आफ्नो देश विरुद्धको स्पष्ट आक्रमणको रूपमा वर्णन गदै राष्ट्रसँङ्घको बडापत्रको धारा-५१ अनुसार आफ्नो रक्षा गर्ने तेहरानको सङ्कल्पलाई पुष्टि गर्नु भएको छ ।

उहाँले राष्ट्रसङ्घीय सुरक्षा परिषद् तथा समग्र संयुक्त राष्ट्र सङ्घले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्न आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने कुरामा जोड दिँदै आक्रमणको कडा निन्दा गर्नु भएको छ । इरानमा भएको आक्रमणका लागि इजरायललाई जवाफदेही बनाउन तत्काल ठोस कदम चाल्नुपर्ने समेत उहाँले बताउनु भएको छ ।

# इरानमा सैन्य दुस्साहस रोक्न इजरायललाई चीनको आग्रह



सिन्ह्वा । चिनियाँ राजदूतले इजरायललाई इरानमा आफ्नो सैन्य दुस्साहस तुरुन्तै बन्द गर्न शुक्रबार आग्रह गर्नु भएको छ ।

शुक्रबार इजरायलले इरानमा आक्रमण गरी इरानको आणविक सुविधाहरूलाई क्षति पुर्यायो । इरानको सार्वभौमिकता, सुरक्षा र क्षेत्रीय अखण्डता उल्लङ्घन गर्ने इजरायलको कार्यको चीनले निन्दा गर्दछ, संयुक्त राष्ट्रका लागि चिनका स्थायी प्रतिनिधि फु कङ्गले भन्नु भयो ।

चीन तनाव र द्वन्द्वको विस्तारको विरोधमा भएको जनाउदै उहाँले इजरायली अपरेसनको परिणामको बारेमा चिन्तित रहेको सुरक्षा परिषद्को आपतकालीन बैठकमा बताउनु भयो ।

द्वन्द्वको वृद्धिले कसैको हितमा काम नगर्ने बताउदै इजरायललाई तत्काल सबै सैन्य दुस्साहस बन्द गर्न र थप तनावबाट बच्न आग्रह गर्नु भएको छ । उहाँले चीनको पक्षबाट सम्बन्धित पक्षहरूलाई राष्ट्रसङको बडापत्र र अन्तर ाष्ट्रिय कानूनको पालना गर्न, र कूटनीतिक माध्यमबाट विवाद समाधान गर्न र क्षेत्रीय शान्ति र स्थिरता कायम गर्न आह्वान गर्नु भयो ।

हालको घटनाक्रमको नकारात्मक प्रभाव बारे चिन्ता व्यक्त गर्दै चीन सधैं वार्ताको माध्यमबाट इरानको आणविक सवाललाई शान्तिपूर्ण समाधान गर्न प्रतिबद्ध रहि आक्रमणको विरोध गरेको उहाँले बताउनु भयो ।

आणविक सन्धिको एक पक्षको रूपमा, इरानको आणविक ऊर्जाको शान्तिपूर्ण प्रयोगको अधिकारलाई पूर्ण रूपमा सम्मान गर्नु पर्ने उहाँले उल्लेख गर्नु भयो ।

उहाँले इजरायलमाथि प्रभाव भएका देशहरूले रचनात्मक भूमिका खेल्नु पर्ने र सुरक्षा परिषद्ले आफ्ना प्रस्तावको कार्यान्वयन सुनिश्चित गरी शान्ति कायम गर्ने बडापत्रमा लिपिबद्ध माध्यमहरू प्रयोग गर्नु पर्ने बताउनु भएको छ ।

# रिसोन र रिया राष्ट्रिय जुनियर चेस च्याम्पियन

**टुडे समाचारदाता**



भद्रपुर । झापाका रिसोन थापा र काठमाडौंकी रिया श्रेष्ठले प्रथम जुनियर राष्ट्रिय चेस च्याम्पियनसिपको उपाधि जितेका छन् ।

बुढानीलकण्ठ नगरपालिकाको प्रायोजनमा शनिवार सम्पन्न च्याम्पियनसिपमा शतप्रतिशत सफलतासहित रिसोन छात्रतर्फ विजयी भएका हुन् ।

रिसोनले ९ चरणको खेलबाट ९ अङ्क प्राप्त गरे। श्रीलंकामा एसियाली चेसमा रजक पदक जितेर फर्केका सिएम पुरुषोत्तम सिलवालले ८ अङ्क जोडेर दोस्रा भए ।

समान ७ अङ्क प्रोग्रेसिभ प्वाइन्टका आधारमा प्रतिक सुवेदी तेस्रो तस्रो र ललितपुरका अविक शाह चौथो भए । काठमाडौंका अग्रिम सैजुले पाँचौं स्थानमा प्राप्त गरे ।

जुनियर छात्रा तर्फ काठमाडौंकी रिया ७ चरणको खेलमा अपराजित रहने क्रममा ५ जित र २ बराबरी नतिजासँगै ६ अङ्कका साथ उपाधि जितिन् ।

बाँकेकी ईशा गिरीले ५.५ अङ्क टाइब्रेक ३३ प्वाइन्ट जोडेर दोस्रो भइन् ।

दक्षिणकाली नगरपालिकाका एन्जल महर्जनले समान ५.५ अङ्क टाइब्रेक ३१ प्वाइन्ट बनाउँदै तृतीय बन्न सफल भएकी छिन् ।

काठमाडौंकी दानिसा पुरीले ५.५ अङ्क टाइब्रेक २७.५ प्वाइन्टमा चौथो र प्रिसियस अधिकारीले ५ अङ्क जोडेर पाँचौं भइन् ।

दुवैतर्फका विजेताले उपाधिसहित ४० हजार, दोस्रोले २५, तेस्रोले १० , चौथोले ७ हजार ५ सय र पाँचौंले ५ हजार रुपैयाँ प्राप्त गरे ।

विधागततर्फ छात्र यु ८ काठमाडौंका शुभाङ्ग प्रधान, यु १० आस्विक पोखरेल, यु १२ समृद्ध श्रेष्ठ, यु १४ ओस्कार पन्थी ,यु १६ आद्यान्त काफ्ले र यू १८ युनिक गौतम उत्कृष्ट भए ।

छात्रातर्फ यु १० अग्रता आचार्य, यु १२ निहाना श्रेष्ठ, यु १४ नेलिसा ओझा, यु १६ ओजस्वी श्रेष्ठ र यू १८ ग्लोसी श्रेष्ठ उत्कृष्ट भए ।

त्रिज्योति स्कुलमा कार्यक्रम संयोजक दीपक तामाङको सभापतित्वमा भएको समापनमा बुढानिलकण्ठ नगरपालिकाका प्रमुख मिठाराम अधिकारी र नेपाल बुद्धिचाल महासंघका अध्यक्ष हेराकाजी महर्जनले विजेता खेलाडीलाई पुरस्कृत गरे।

# दक्षिण अफ्रिकामा बाढीका कारण मृत्यु हुनेको सङ्ख्या ८६ पुग्यो



एएफपी। दक्षिण अफ्रिकाको पूर्वी केप प्रान्तमा भारी बर्ष पछि आएको बाढीका कारण ८६ जनाको मृत्यु भएको तथा थप पीडितहरूलाई उद्धार गरिइएको शनिबार उद्धार टोलीले जनाएका छन् ।

राष्ट्रपति सिरिल रामाफोसाले शुक्रबार प्रभावित प्रान्तको भ्रमण गरी जलवायु परिवर्तनका कारण विनाशकारी प्रकोपको सामना गर्नु परेको बताउनु भएको छ ।

भारी वर्षाले पूर्वी केपमा पानी चार मिटर भन्दा बढी उचाइमा पुगेको अनुमान गरिएको जनाइएको छ । बाढीको कारण हजारौं घर, सडक, विद्यालय तथा स्वास्थ्य सुविधाहरू डुबेको बताइएको छ ।

बाढी र त्यसपछिको पहिरोबाट माथाथा सहर सकै भन्दा बढी प्रभावित थियो जुन रंगभेद विरोधी पूर्व राष्ट्रपति स्वर्गीय नेल्सन मण्डेलाको जन्मस्थल कुनु गाउँ नजिकै छ । राति पानी घर भित्र पसेपछि मानिसहरू घर भित्र फसका शवको बरामद तथा जिवितहरुको उद्धार गरेको उद्धारकर्ताहरूले बताएका छन् ।

मृतकमध्ये कम्तीमा छ जना बालबालिका र तीन जना वयस्कहरू बाढीमा बगाएको स्कुल बसमा रहेको जनाइएको छ । शनिबार रुखमा टाँसिएर बसेका तिन जना विद्यार्थीलाई उद्धार गरिएको र चार जना अझै बेपत्ता रहेको जनाइएको छ ।

हरित जलवायु कोषका अनुसार दक्षिण अफ्रिका जलवायु परिवर्तनशीलता र परिवर्तनको प्रभावबाट अत्यधिक जोखिममा छ, जसले चरम मौसमको आवृत्ति र गम्भीरता बढाउँछ ।

# वुटिप टाइफुनका कारण भियतनाममा तीन जनाको मृत्यु

सिन्ह्वा । वुटिप टाइफुनका कारण मध्य भियतनाममा आएको बाढीमा परी तीन जनाको मृत्यु भएको भियतनाम समाचार एजेन्सीले शनिबार जनाएको छ ।

एजेन्सिका अनुसार बाढीमा क्वाङ त्रि प्रान्तको ट्रिउ फोङ जिल्लामा दुई जनाको उद्धार टोलीले मौसमको अवस्था अनुसार अपरेसन विस्तार जारी राखेको र अझै चार जना बेपत्ता रहेको जनाएका छन् ।

एजेन्सिका अनुसार बाढीले २१ हजार हेक्टरभन्दा बढी धानको खेत, हजारौं हेक्टर तरकारी खेती डुबानमा परेको जनाइएको छ ।



मृत्यु भएको छ भने हाइ लाङ जिल्लामा एक जनाको डुबेर मृत्यु भएको छ ।

छिमेकी क्वाङ बिन्ह प्रान्तमा, बाढीले घरहरू पनि डुबानमा पारेको ट्राफिक अवरुद्ध भएता पनि यद्यपि नदीको सतह बिस्तारै घट्दै गएको जनाइएको छ ।

# दक्षिण अफ्रिका वर्ल्ड टेस्ट च्याम्पियन





एजेन्सी - दक्षिण अफ्रिकाले अस्ट्रेलियालाई ५ विकेटले पराजित गर्दै वर्ल्ड टेस्ट च्याम्पियनसिपको उपाधि जितेको छ ।दक्षिण अफ्रिकाले लामो समयदेखि प्रतीक्षित अन्तर्राष्ट्रिय उपाधि जित्ने सपना पूरा गरेको छ। दक्षिण अफ्रिकाको सिनियर क्रिकेट टोलीले सन् १९९८ पछि पहिलो पटक आइसिसी उपाधि जितेको हो ।

दक्षिण अफ्रिकाले जितको लागि दोस्रो इनिङ्समा २ सय ८२ रनको लक्ष्य पाएको थियो। चौथो दिन २ विकेटको नोक्सानीमा २ सय १३ बाट ब्याटिङ सुरु गरेको दक्षिण अफ्रिकालाई जितका लागि बाँकी ६९ रन आवश्यक थियो। खेल लड्र्स मैदानमा भइरहेको थियो ।

अस्ट्रेलियाका कप्तान प्याट कमिन्सले दिनको तेस्रो ओभरमै विपक्षी कप्तान टेम्बा बावुमालाई ६६ रनमा क्याच आउट गराए । त्यसले अस्ट्रेलियन टोलीमा आशा जगाएको थियो ।

त्यसपछि ४१ रन आवश्यक रहेको बेला मिशेल स्टार्कले ट्रिस्टन स्टब्सलाई बोल्ड गर्दै दक्षिण अफ्रिकी टोलीको केही तनाव बढाए ।

तर शतक बनाएका ओपनर ऐडन मार्करामले अघिल्लो दिनको लयलाई निरन्तरता दिँदै १ सय ३६ रनको उत्कृष्ट इनिङ खेले र दक्षिण अफ्रिकालाई जितको नजिक पुऱ्याए ।

मैदानमा शतक बनाउने एक्ला खेलाडी मार्करामले जितका लागि चाहिएको रन प्रहार गर्ने मौका भने गुमाए ।

जब उनले जोश हेजलवुडको बलमा मिड विकेटमा ट्राभिस हेडलाई क्याचको मौका दिए ।

त्यसपछि डेभिड बेडिङ्ह्याम र काइल भेरेनले बाँकी रन पूरा गर्दै दक्षिण अफ्रिकालाई जित दिलाए । स्टार्कको बलमा कभर क्षेत्र हुँदै भेरेनले एक रन लिए र खुसीयाली मनाउँदै हात उठाए ।

दक्षिण अफ्रिकाको यो रन चेज लड्र्समा टेस्ट क्रिकेट इतिहासको दोस्रो सर्वाधिक बराबरीको रन चेज हो । यसअघि १९८४ मा वेस्ट इन्डिजले ३ सय ४२ रनको लक्ष्य पछ्याएर जित हासिल गरेको थियो ।

# टेक्सासमा बाढीका कारण दश जनाको मृत्यु




एएफपी । दक्षिणी अमेरिकी राज्य टेक्सासमा भारी वर्षाका पछि आएको बाढीका कारण कम्तिमा दश जनाको मृत्यु हुनुका साथै धेरै व्यक्तिहरू बेपत्ता भएको अधिकारीहरूले जनाएका छन् ।

केएनएसका अनुसार टेक्सासको सान एन्टोनियो सहरमा वर्षा पछि सडकहरूमा बाढी आउदाँ सवारी साधनहरू समेत अवरुद्ध भएको जनाइएको छ । सान एन्टोनियो फायर विभागले पीडितहरूको खोजी गरिरहेको जनाइएको छ । हालसम्म मृतकको सङ्ख्या दश पुगेको सहरका अधिकारीहरूले पुष्टि गरेका छन । सान एन्टोनियो मेयर रोन निरेनबर्गले सामाजिक सञ्जाल एक्समा बाढीमा ज्यान गुमाएका हरूको खोजी जारी राख्ने बताउनु भएको छ ।

सहरका अधिकारीहरूले बाढी प्रभावितको उद्धार र अनुसन्धान भईरहेको बताएका छन् । वैज्ञानिकहरूले लामो समयदेखि मानव निर्मित जीवाश्म ईन्धन उत्सर्जन द्वारा सञ्चालित जलवायु परिवर्तनले उच्च वर्षा जस्ता चरम मौसम घटनाहरूको सम्भावना बढाइरहेको चेतावनी दिएका छन् ।

# सोनारी गाउँपालिकाद्वारा रैथाने जातको बीउ संरक्षण



राँझा । बाँकेको राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष तप्तबहादुर पौडेलले स्थानीय रैथाने जातको धान र गहुँको बीउ उत्पादन गर्दै आउनु भएको छ ।

बाँकेमा स्थानीय जातको खाद्यवालीको बीउ संरक्षण गर्दै आएको साकार कृषि सहकारी संस्था लिले गत आर्थिक वर्ष ०८०/०८१ मा पौडेलले नौ हजार ५०८ केजी बीउ उत्पादन गरे वापत शुक्रवार गाउँपालिका अध्यक्ष पौडेललाई प्रोत्साहन स्वरुप रु छ हजार १८० प्रदान गरेको छ ।

अध्यक्ष पौडेलले गत आर्थिक वर्षमा आठ हजार ७०३ केजी धान र ८०५ केजी गहुँ गरी जम्मा नौ हजार ५०८ केजी बीउ उत्पादन गर्नुभएको थियो ।

बाँकेको राप्ती सोनारी गाउँपालिका-६ डाँडा टेपरीस्थित साकार कृषि सहकारी संस्थाले शुक्रवार आयोजना गरेको किसानलाई वीउ प्रोत्साहन रकम वितरण कार्यक्रममा गाउँपालिका अध्यक्ष पौडेल गाउँपालिकामै धेरै बीउ उत्पादन गर्ने किसानमध्ये तेस्रो स्थान प्राप्त गर्नुभएको छ ।

निर्वाचित भएपछि नेताले गाउँ बिर्सिने, विकास निर्माणमा बेवास्ता गर्ने गरेको आरोप लागिरहेको बेला गाउँपालिका अध्यक्ष पौडेलले भने आफ्नो गाउँठाउँमै स्थानीय जातको धान र गहुँको बीउ उत्पादन गर्ने कृषि कर्ममा पनि समय दिने गर्नुभएको छ ।

"मैले बीउ उत्पादन गरेवापत साकार कृषि सहकारीबाट दोस्रो पटक प्रोत्साहन रकम प्राप्त गरेको छु," उहाँले भन्नुभयो, "मैले प्रत्येक वर्ष ९० देखि १०० क्विन्टल बीउ उत्पादन गर्ने गरेको छु ।"

उहाँले राप्ती सोनारी गाउँपालिकालाई कृषिबाटै आर्थिक समृद्धि हासिल गर्नतर्फ आफू प्रयत्नशिल रहेको बताउनुभयो ।

साकार कृषि सहकारी संस्थाले लुम्बिनी प्रदेश सरकारसँगको साझेदारीमा ६६ बीउ उत्पादक शेयर सदस्यलाई प्रोत्साहन रकम वितरण गरेको अध्यक्ष हुमाशंकर वलीले जानकारी दिनुभयो ।

उहाँले सहकारीको माध्यमबाट आफूले कृषि उत्पादन र बजारीकरणमा जोड दिँदै कृषिबाट शेयर सदस्यको आर्थिकस्तर बढाउन लागिपरेको बताउनुभयो ।

उहाँका अनुसार, गत आर्थिक वर्षमा शेयर सदस्यमध्ये राप्ती सोनारीका चक्रबहादुर थारुले सबैभन्दा धेरै १४ हजार ८३७ केजी बीउ उत्पादन गरी रु नौ हजार ६४४ प्रोत्साहन रकम प्राप्त गर्न सफल हुनुभएको छ ।

यसैगरी खोजलाल थारुले १० हजार ७९० बेजी बीउ उत्पादन गरी रु सात हजार १३ र गाउँपालिका अध्यक्ष पौडेलले गत आर्थिक वर्षमा नौ हजार ५०८ केजी बीउ उत्पादन गरी रु छ हजार १८० प्रोत्साहन रकम प्राप्त गर्नुभएको अध्यक्ष वलीले बताउनुभयो ।

बाँकेको राप्ती सोनारी गाउँपालिका-६ स्थित साकार कृषि सहकारी संस्थाले स्थानीय रैथाने जातको खाद्य बालीको बीउ संरक्षण गर्दै आएको छ । एकदशकदेखि किसानलाई आवश्यक पर्ने स्थानीय रैथाने जातको धान, मकै, गहुँ, मसुरो र तोरीको बीउ उत्पादन गरी किसानलाई सहज र सुलभ मूल्यमा उपलब्ध गराउँदै आएको साकार कृषि सहकारी संस्थाका मुख्य व्यवस्थापक जमानसिंह वलीले जानकारी दिनुभयो ।

"हामीले दश वर्षदेखि जिल्लामा उत्पादन हुने खाद्यबालीको बीउ उत्पादन गरी वितरण गर्दै आएपछि किसानलाई बीउ जोगाएर राख्नु पर्ने बाध्यता हटेको छ", उहाँले भन्नुभयो, "हामीले कृषि अनुसन्धान केन्द्र खजुराबाट सिफारिश स्थानीय रैथाने जातको गुणस्तरीय बीउ उत्पादन गरी वितरण गर्न थालेपछि किसानलाई ठूलो राहत भएको छ ।"

सहकारीले यो वर्ष साकार कृषि सहकारीले ११०० क्विन्टल धानको बीउ बिक्री वितरण गरेको छ । गत वर्ष एक हजार ५०० क्विन्टल धानको बीउ बिक्री वितरण गरेको थियो । गत वर्षको तुलनामा यो वर्ष धानको बीउ केही कम उत्पादन भएको छ ।

संस्थाको राप्ती सोनारी-५ बिनौनामा रहेको गोदाम घरमा बीउ उत्पादन र भण्डारण हुँदै आएको छ ।

गोदाम घर साँघुरो भएकोले आधुनिक गोदामघर निर्माणको लागि गाउँपालिका, लुम्बिनी प्रदेश सरकार र सङ्घीय सरकारसँग आवश्यक सहयोगको लागि आग्रह गरिएको सहकारीका व्यवस्थापक भरत केसीले बताउनुभयो ।

"स्थानीय जातका धानका बीउको विशेषताबारे स्थानीय कृषकलाई जानकारी दिई खेतमा लगाउनका लागि उत्प्रेरण दिँदै आएका छौँ', सहकारीका व्यवस्थापक भरत केसीले भन्नुभयो, "कृषकले स्थानीय जातका धानको महत्व बुझेर हाल पुनःछाड्दै गएका धानको खेती गर्न थालेका छन् ।"

उहाँका अनुसार, स्थानीय जातको धान रोग कीरा प्रतिरोधी, सुक्खा सहन सक्ने र डुबान भएमा समेत थोरै मात्रै नोक्सानी हुने भएकाले धेरै टाढाबाट पनि यही जातका धानको बीउको खोजी गर्न किसान यहाँ आउने गरेका छन् । सहकारीले लागत खर्च कटाएर सहुलियतमा धानको बीउ उपलब्ध गराउँदै आएको छ । रासस

# टरुवा ताल संरक्षणका लागि जलकुम्भी हटाइँदै



त्रिवेणी । जलकुम्भीले ढाकेर नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको कावासोतीस्थित ऐतिहासिक टरुवा तालको अस्तित्व सङ्कटमा परेसँगै यसलाई जोगाउन ताल सफाइ गर्न थालिएको छ । ताललाई जलकुम्भीसहित झारले ढपक्क ढाकेर अस्तित्वनै सङ्कटमा पर्न थालेसँगै सफाइकार्य सुरु गरिएको हो ।

पर्यटकीय दृष्टिले महत्वपूर्ण रहेको ताल कावासोती नगरपालिका-७ र ८ मा पर्दछ । कावासोती तालका रूपमा समेत चिनिने यस तालको क्षेत्रफल ताल संरक्षण तथा विकास प्राधिकरण गण्डकी प्रदेशको अभिलेखअनुसार तीस हजार ७१३ वर्ग मिटर रहेको छ । ताललाई जलकुम्भीसहितका झारले ढाकेर हरियो चौर जस्तो देखिने अवस्थामा पुगेपछि कावासोती नगरपालिकाले यसको सफाइ थालेको हो ।

प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत तालको सफाइ काम सुरु गरिएको रोजगार शाखा कावासोतीका रोजगार संयोजक प्रतिक्षा पौडेलले बताउनुभयो । एक हप्तादेखि तालको सफाइको काम जारी रहेको उहाँले बताउनुभयो । रोजगार शिर्जनासँगै तालको सफाइको काम हुने भएकाले जनशक्ति परिचालन गरिएको उहाँले बताउनुभयो ।

नियमित रूपमा तालको सफाइको काम हुन नसकेको अवस्थामा अहिले रोजगार शाखाद्वारा जनशक्ति परिचालन गरी सफाइको काम थालिएको हो । दैनिक रूपमा करिब पच्चिस जनाको हाराहारीमा जनशक्ति ताल सफाइमा जुटेका छन् । 'बेरोजगारको सूचिमा नाम टिपाएकालाई केही दिन रोजगारमा जोड्ने गरी ताल सफाइमा जुटेका हौँ, यसले ताललाई पुरानो अस्तित्वमा फर्काउन सहयोग पुग्ने विश्वास छ' कार्यक्रम संयोजक पौडेलले भन्नुभयो ।

केही वर्ष अधिसम्म ताल सफा रहेको थियो । नियमित सफाइ नगर्दा ताललाई जलकुम्भी र झारले ढाक्दै गएको हो ।

टरुवा तालसँगै हरियाली वातावरण, नजिकै रहेको नर्मदेश्वर महादेव मन्दिर, ताल परिसरसँगै जोडिएको गुम्बा आफैमा पर्यटकीय सम्भावना बोकेका क्षेत्र छन् । यसलाई जोडेर एकिकृत रूपमा विकास गर्न सके जिल्लाकै सुन्दर पर्यटकीय गन्तव्य बन्ने नवलपुर पर्यटन समितिका अध्यक्ष फन्सराम महतोले बताउनुभयो । पूर्वपश्चिम राजमार्गबाट करिब एक किलोमिटरमा रहेको प्राकृतिक रूपमा सुन्दर ठाउँ भएकाले यसको संरक्षणमा थप काम गर्नुपर्ने अध्यक्ष महतोले बताउनुभयो ।

हालको कावासोती बजार स्थापनामा टरुवा ताल जोडिन्छ । हालको बजार क्षेत्र मानिने कावासोती-२, ३, ८ मा तत्कालीन वस्ती विकासको समयमा खानेपानीको उपलब्धता नहुँदा टरुवा तालको पानीले स्थानीयले आवश्यकता परिपूर्ति गर्ने गर्दथे ।

सोही तालको मुहानबाट पानी ल्याएर यहाँका बासिन्दाले पिउने, गाईवस्तुलाई खुवाउन देखि घर निर्माणकार्यसमेतमा प्रयोग गर्ने गर्दथे । टरुवा ताल भएकै कारण पानीको उपलब्धता भएको र हालको कावासोती बजारको रूपमा विकास भएको भन्ने धारणा रहिआएको छ ।रासस

# डा कार्कीको संयोजकमा बैङ्किङ क्षेत्र सुधार सुझाव कार्यदल गठन

काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले बैंकिङ क्षेत्रको समग्र सुधार र सुदृढीकरणका लागि सुझाव पेश गर्न डा रेवतबहादुर कार्कीको संयोजकमा एक कार्यदल गठन गरेको छ ।

कार्यदलमा पूर्वबैङ्कर भुवनकुमार दहाल सदस्य हुनुहुन्छ ।

यस्तै नेपाल राष्ट्र बैङ्कको बैङ्क तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशकसदस्य सचिव रहने गरी तीन सदस्यीय बैंकिङ क्षेत्र सुधार सुझाव कार्यदल गठन गरिएको हो । सो कार्यदलको समयावधि एक महिनाको रहनेछ ।



कार्यदललाई बैङ्किङ नीति नियमनलाई उदार तर विवेकशील (प्रुडेन्सियल), जोखिममा आधारित प्रभावकारी सुपरिवेक्षण र ग्राहकमैत्री बैंकिङ सेवाको विकासका सम्बन्धमा सुझाव दिन कार्यादेश दिइएको छ । यस्तै, आर्थिक गतिविधि पूर्णचलायमान बनाउन बैङ्किङ क्षेत्रले खेल्नुपर्ने भूमिकाका , ग्रामीण क्षेत्रमा कर्जा प्रवाहलाई प्रभावकारी बनाउन चाल्नुपर्ने कदम ,बैङ्क तथा वित्तीय संस्था गाभ्ने र प्राप्ति तथा उक्त कार्यपछिका समस्याको पहिचान तथा समाधानको सुझाव दिन भनिएको छ ।

त्यस्तै, नेपाललाई ग्रे लिष्टबाट हटाउन बैङ्किङ क्षेत्रले खेल्नुपर्ने भूमिका र पुँजीबजार विकासमा केन्द्रीय बैङ्कको समन्वयात्मक भूमिकाका सम्बन्धमा सुझाव दिन आग्रह गरिएको गभर्नरको कार्यालयले जनाएको छ । रासस


नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

जलस्रोत तथा सिंचाइ विभाग

कमला सिंचाइ व्यवस्थापन कार्यालय

पोर्ताहा, धनुषा

## ठेक्का सम्झौता अन्त्य गरिएको सम्वन्धी सुचना

प्रकाशित मिति : २०८२/०३/०१

यस कार्यालयको मिति २०८२।०२।२२ को निर्णय अनुसार तपाई स्था.ले.न.३०१७५०२०४ श्री एस. डि. कन्स्ट्रक्सन (एस. डी. भन्नाले श्रीदेव) संग मितिः २०७८।०६।१५ मा सम्झौता भई तपसिल बमोजिमका ठेक्काहरुको सन्दर्भमा निर्धारित समय सिमा भित्र निर्माण कार्य सम्पन्न गर्न नसकेको, पटक-पटक लिखित तथा मौखिक रुपमा कार्य सम्पन्न गर्न अनुरोध गर्दा समेत निर्धारित अवधिसम्म निर्माण कार्य सम्पन्न हुन् नसकेको स्पष्ट कारण पेश नभएको, निर्माण व्यवसायीले करारिय दायित्व पुरा नगरेको, सार्वजनिक खरिद नियमावली (तेर्हौ सँशोधन), २०६४ वमोजिम म्याद थप भए पश्चात समेत निर्माण कार्य सम्पन्न हुन नसकेको अवस्थामा ठेक्का अन्त्य गर्नु पर्ने प्रावधान रहेको साथै सार्वजनिक खरिद नियमावली (चौधौ सँशोधन), २०६४ वमोजिम तपसिलका ठेक्काहरुको हकमा म्याद थप हुने अवस्था नरहेकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ७ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८ मा भएको व्यवस्था बमोजिम ठेक्का सम्झौता अन्त्य गरिएको छ। साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४१ बमोजिम कालो सुचिमा राख्न सिफारिस गरिने तथा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए वमोजिम एयकत त्भचकष्लबतष्यल भ्खबगिबतष्यल गरी स्थापित हुने रकम सरकारी बाँकी सरह निर्माण व्यवसायीबाट असुल उपर गरिने व्यहोरा समेत यसै सार्वजनिक सुचना मार्फत जानकारी गराइएको छ ।

तपशिलः

| सि.न. | ठेक्का नम्वर | ठेक्का विवरण | निर्माण व्यवसायी |
|---|---|---|---|
| १. | KMIO/STMISP/ NCB-02/077-78 | Pump House Construction, Distribution System, Pump Installation and Electrification Works at Kanchanrup-12, Bastipur, Saptari District | स्था.ले.न. ३०१७५०२०४ श्री एस. डि. कन्स्ट्रक्सन (एस. डी. भन्नाले श्रीदेव) |
| २. | KMIO/STMISP/ NCB-03/077-78 | Pump House Construction, Distribution System, Pump Installation and Electrification Works at Aurahi-3, Lahan-24 and Mirchaiya-6 of Siraha District | |
| ३. | KMIO/STMISP/ NCB-04/077-78 | Pump House Construction, Distribution System, Pump Installation and Electrification Works at Chireswar-9, Hanspur-7 and Janakpur-19 of Dhanusha District | |
| ४. | KMIO/STMISP/ NCB-05/077-78 | Pump House Construction, Distribution System, Pump Installation and Electrification Works at Mithila Bihari-3, Nagarain-6 of Dhanusha District | |

कार्यालय प्रमुख



## धितोमा रहेको चल अचल सम्पति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको दोस्रो पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः–२०८२।०३।०१)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना र धितो लिलाम बिक्री हुने बारेको ३५ (पैतीस) दिने सार्वजनिक सुचना आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने ब्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित १५(पन्ध्र) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने ब्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसील**

**सम्बन्धित कार्यालयः- कृषि बिकास बैंक लि. शाखा कार्यालय, चन्द्रनिगाहपुर, रौतहट ।**
**लिलाम हुने कार्यालय तथा स्थानः शाखा कार्यालय चन्द्रनिगाहपुर, रौतहट ।**
**धितो लिलाम बिक्री हुने मितिः-** २०८२ साल असार १६ गते सोमवार

**ग्राहकको विवरण**

**१– ग्राहकको नामः हरिन्द्र साह कानु** ना.प्र.नं.:- ०३२३०९६/११५८ जारी मितिः- २०४३/०१/०९ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, रौतहट। **वावुको नामः–** श्री अच्छेलाल साह कानु **बाजेः–** सुमन साह कानु

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| हरिन्द्र साह कानु | रौतहट | रमौलि | ९ | ८१६, ५५५, ४७१, ३७५, १५५ | ०-४-१५, ०-३-१५, ०-१-१०, ०-२-२, ०-०-५१/४ |

**२– ग्राहकको नामः मेधु राय** ना.प्र.नं.:- ४८४२ जारी मितिः- २०४५।०१।१९ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, रौतहट। **वावुको नामः–** सखा राय यादव वाजेः- राम स्वरुप राउत

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| मेधु राय | रौतहट | प्रतापपुर | ८ | ३५८ | ०-६-० |

**३– ग्राहकको नामः गिरजा महतो ना.प्र.नं.:–** ९।२४४६ जारी मितिः- २०४३।१०।१० जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, रौतहट। **वावुको नामः–** दुलाचरण महतो **वाजेः–**मनोज महतो

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| गिरजा महतो | रौतहट | डुमरीया म | ९ | ४१८ | ०-१०-१० |

**४– ग्राहकको नामः विरेन्द्र चौधरी ना.प्र.नं.:–** ११०० जारी मितिः- २०५९।११।०५ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, रौतहट। **वावुको नामः–** नारायण चौधरी **वाजेः–** तंकीर खाँ थारु

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| गहनी | रौतहट | रंगपुर | १ | ४३१, ४३३ | ०-१०-०, ०-४-१३ |

**५– फर्मको नामः–** राम जानकी फर्निचर उधोग दर्ता भएको कार्यालयः घरेलु तथा साना उधोग कार्यालय, रौतहट। **फर्मको दर्ता नं.**: ३४६।०४४।०४५ **दर्ता मिति** :२०४४।०९।१६ **पान नं.**: ३००६४७११६

**प्रोपाईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको कार्यालय र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| भोगेश्वर शर्मा | निजगढ ९ वारा। | ४८८७ | वारा, २०३७/०२/३० | सिया राम शर्मा | चुनी शर्मा |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| भोगेश्वर शर्मा | रौतहट | चन्द्रनिगाहपुर | १ | ८३ | ०-१-० |

**६– फर्मको नामः–** हसन ईट्टा उधोग दर्ता भएको कार्यालयः घरेलु तथा साना उधोग कार्यालय,रौतहट। **फर्म दर्ता नं.**: ५९८८/५३२/२० **दर्ता मिति** :२०७४/१२/२० **पान नं.**: ६०७६८९८२८

**प्रोपाईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको कार्यालय र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| सहीदा खातुन | सखुअवा धमौरा ९ रौतहट। | ३२३०८४/१५२४ | रौतहट, २०६४/०१/१४ | शेख जोखु | शेख शम्सुल |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| शेख मतिन | रौतहट | डुमरीया | ६ | २४१ | ०-१६-० |
| | | स. धमौरा | ८ | ८२१, ८२२ | ०-१०-८.५, ०-१०-८.५, |
| | | | ९ | ६८९ | ०-७-१७.५ |
| | | | ७ | २३४६ | ०-८-१४ |

**शर्तहरू :**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२) धितो लिलाम डाँक बढाबढमा ३ (तीन) जना भन्दा कम ब्यक्ति/संस्थाहरुले भाग लिएमा पनि लिलाम बढाबढ कार्य हुनेछ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने ब्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १० (दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन सम्बन्धित शाखामा जम्मा भएको हुनु पर्नेछ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको कम्तीमा ७ (सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०) अन्य जानकारीको लागि नजिकको वा सम्बन्धित शाखा कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाण्डौ**

# ‘मलाहा बिरालो’ पाँच सयभन्दा बढी



टुडे समाचारदाता

जनकपुरधाम । नेपालमा ‘ मलाहा बिरालो’ बढीमा ५ सय रहेको तथ्य सार्वजनिक गरिएको छ ।

नेपालमा पाइने १३ वटा जङ्गली बिरालो प्रजातिहरूमध्ये ‘ मलाहा बिरालो’ चितवन राष्ट्रिय निकुञ्ज, कोशी टप्पु वन्य जन्तु आरक्ष र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बढी रहेको जानकारी दिइयो ।

नेपालबाट पहिलो पटक ‘ मलाहा बिरालो’ मा विद्यावारिधि गरेकी रमा मिश्रका अनुसार चितवन राष्ट्रिय निकुञ्जमा ९ देखि २५ वटासम्म भेटिएका छन् ।

मिश्रले स्नातकोत्तर गर्ने क्रममा सन् २०१२ मा गरेको अनुसन्धानका बेला ती ‘मलाहा बिरालो’ फेला परेका हुन्। यस्तै, कोशी टप्पुमा सन् २०२१ को अनुसन्धानमा २० वटा भेटिएको उनले बताइन्। शुक्लाफाँटामा सन् २०२१ मै गरिएको अनुसन्धान अनुसार ९ वटा भेटिएका थिए ।

वाइल्ड केयर नेपाल संस्थाको आयोजनामा ‘मलाहा बिरालो’ बारे कोशी टप्पु वन्य जन्तु आरक्षमा आयोजित कार्यक्रममा मिश्रले ‘मलाहा बिरालो’ समुन्द्र सतहदेखि तीन सय मिटर उँचाइसम्म पाइने गरेको बताइन् ।

वाइल्ड केयर नेपालका डाइरेक्टर समेत रहेकी मिश्रका अनुसार यो ‘मलाहा बिरालो’ मोरङ, महोत्तरी, कपिलवस्तु, बर्दियादेखि पश्चिमलगायतकास्थानमापाइन्छ। मिश्रले सन् २०२० बाट विद्यावारिधि प्रारम्भ गरेर सकेकी हुन् ।

अहिलेसम्मको अध्ययनका क्रममा ‘मलाहा बिरालो’ झण्डै ३२ प्रतिशत काँसघारी तथा पटेरी क्षेत्रमा भेटिएका छन्। यस्तै, २७ प्रतिशत पानी भएको क्षेत्रमा र बाँकी कृषि वा खेतबारीमा भेटिएका छन् ।

नेपालसहित विश्वका भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका, कम्बोडिया, थाइल्याण्ड र म्यानमार गरि आठवटा राष्ट्रमा ‘मलाहा बिरालो’ पाइन्छ। ‘ मलाहा बिरालो’ को मुख्य थ्रेट भनेको मानव हो। साथै, वासस्थान विनाश, माछाको कमी र अन्य शिकारीहरूबाट खतरा हुने गरेको छ ।

‘मलाहा बिरालो’ को प्रमुख आहार भ्यागुता, किरा, साना स्तनधारी, सर्प र चरा समेत हुन्। ‘मलाहा बिरालो’ को संरक्षणका लागि कोशी टप्पु वन्य जन्तु आरक्ष प्रशासनले कार्यक्रममै समेट्ने वरिष्ठ संरक्षण अधिकृत भूपेन्द्र यादवले बताए ।

उनका अनुसार ‘मलाहा बिरालो’ संरक्षणका लागि मानवीय सचेतना पनि आवश्यक छ। ‘कतिपयमा मलाहा बिरालोले स्थानीय किसानका पोखरीको माछा खान्छ भन्ने सोचले पनि विभिन्न उपाय अपनाएर मार्न सक्ने खतरा छ,’ उनले भने, ‘त्यही भएर स्थानीयमा सचेतना फैलाउनु आवश्यक छ ।’

# कामै नगरी अधुरो कामको भुक्तानी माग्दै तालाबन्दी

बखतियार अलि

मलंगवा । अधुरो कामको भुक्तानी माग गर्दै सर्लाहीको मलंगवास्थित पुर्वाधार विकास कार्यालयमा ठेकेदार खुसीलाल ठाकुरले तालाबन्दी गरेको छ। एमआरआरजे कमल जेभि जनकपुरका ठेकेदार ठाकुरले आफुले गरेको कामको बाकी रकम भुक्तानी मागे पछि कार्यालयले आलटाल गरेको भन्दै तालाबन्दी गरेका थिए ।

ठेकेदार ठाकुरले मुख्यमन्त्री स्वच्छता अभियान अन्तरगत मलंगवा ७ मुसैली स्थित पोखरी सौन्दर्यकरण ठेक्कामा काम गरेको रकम भुक्तानी गर्न आलटाल गरेकोले बाध्य भएर तालाबन्दी गरिएको बताए। एक वर्ष देखि धाउदा पनि भुक्तानी नपाएको र यति भईसकदा पनि कर्मचारी, इन्जीनियर र हाकिम साबले नटेरे पछि बाध्य भएर तालाबन्दी गर्नुपरेको ठेकेदार ठाकुरको भनाई छ । उक्त ठेक्कामा गरेका कामको करिब १ करोड रुपैया भुक्तानी लिन बाकी रहेको उनको भनाई छ। मुख्यमन्त्री स्वच्छता अभियान अन्तरगत रहेको ठेक्काको रकम भुक्तानी विवादमा ठेकेदार ठाकुरले कार्यालयमा ताल्चा लगाएको पुर्वधार विकास कार्यालय मलंगवा सर्लाहीका सहायक शाखा अधिकृत कपिलदेव साहले बताए । पहिला एक चोटी प्रजिअलाई जानकारी गराउछु अनि त्यसपछि केहि गर्नु होला मैले बारम्बार हारगुहार गरेपनि ठेकेदार ठाकुरले स्थानीय केहि युवाको समुहको सहयोगमा कार्यालयमा तालाबन्दी गरेको अधिकृत साहले बताए। कार्यालयमा तालाबन्दी भएको थाहा पाएपछि आफुले



ठेकेदार र कार्यालय प्रमुखलाई आवश्यक समन्वय गरेर समस्या समाधान गर्न भनि निर्देशन दिईसकेको सर्लाहीका प्रमुख जिल्ला अधिकारी तुलसी बहादुर श्रेष्ठले बताए । यता ठेक्का प्रक्रियामा ठेक्का लागेर काम भईरहेको करिब ५ वर्ष पुरानो योजना रहेको बताउदै यो ठेक्काको फाईल हाम्रो कार्यालयमा गत वर्ष आएको र गत वर्ष देखि अहिले सम्म उक्त ठेक्कामा केहि पनि काम नभएको पुर्वाधार विकास कार्यालय सर्लाहीका प्रमुख इ.विजय यादवले बताए । पुरानै भएको कामको भुक्तानी गरदिनु पर्यो भनेर ठेकेदार ठाकुरले २(४ जनाको समुल ल्याएर तालाबन्दी गरेको प्रमुख यादवको भनाई छ । पुरानो भुक्तानी गर्नू पुर्व प्राविधिक टोली खटाएर निरिक्षण पश्चात नै प्रक्रिया अगाडि बढाइने सहमतिमा तालाबन्दी खोलिएको प्रमुख यादवको भनाई छ। मुसैलीको १५ महिना मै सक्ने गरि २२ सेप्टेम्बर २०२० मै श्री बौधी देवी जनता मा.वि को अधिनमा रहेको पोखरी सौन्दर्यकरण गर्न प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयले करिब ६ करोर १२ लाख ९३ हजार मा एम.आर.आर जे. कमल जेभि जनकपुरलाई ठेक्का दिएको थियो। ठेक्का दिएको अहिले करिब ५ वर्ष भन्दा बढि बितिसकेको भएपनि २० प्रतिसत मात्र काम सम्पन्न भएको स्थानीय बताउछन।

विधालयको अधिनमा रहेको पोखरीमा यस अघि विधालयले करिब १ करोड १७ लाखमा माछापालनका निम्ती ५ वर्षका लागि पोखरी ठेक्का लगाएको थियो । करिब २ लाख महिनाको आम्दानी उठाउने विधालयलाई समेत पोखरी कहिले र कुन बेला सौन्दर्य करण हुने हो भन्ने पीरले स्थानीयले बारम्बार आन्दोलन समेत गरे तर केहि सुनुवाई भएन। पोखरीको अवस्था ज्युको त्युछ। यस अघिपनि २०७९ सालमा पोखरी सौन्र्दकरण योजनामा कमसल र गुणस्तरहीन सामाग्री प्रयोग गरेको, बनेको पर्खाल महिना नबित्दै भत्कियो, भन्ने शिर्षकमा समाचार आएको थियो । सौन्दर्यकरणको नाममा १ करोड ८० लाख भुक्तानी लिई सकेका ठेकेदारले अझै १ करोड बाकी भुक्तानी नदिएको भन्दै कार्यालयमै तालाबन्दी गर्न पुगेको छ। आफनो पहुच र पावरको गलत प्रयोग गर्दै ठेकेदारले ठेक्का बमोजिम काम नगरि अधुरो कामको भुक्तानी माग गर्दै कार्यालयमा तालाबन्दी गरेपछि पुर्बाधार बिकास कार्यालय सर्लाहीका प्रमुख विजय यादवले आफु पहिला कामको अनुगमन गर्ने त्यस पछि मात्र भुक्तानी दिने भनेपछि शुक्रबार बिहान ठेकेदारले ताला खुला गरेको बुझिएको छ।

यसरी कामै नगरी भुक्तानीको लागि विकासे कार्यालयहरूमा तालाबन्दी गर्नु अहिले आम कुरा भएको स्थानीयहरू बताउछन् । राजनीतिक पहुचका आधारमा ठेक्का लिने सरकारी पैसा कुम्लियाएर कतिपय ठेकेदार वेपता भएको समेत नजिर छ । मुसैलीको १५ महिना मै सक्ने गरी २२ सेप्टेम्बर २०२० मै श्री बौधी देवी जनता मा.वि को अधिनमा रहेको पोखरी सौन्दर्यकरण गर्न प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयले करिब ६ करोडमा ठेक्का लगाएको सौन्दर्यकरणको काम अहिले पनि २० पर्तीशत काम पूरा भएको भएपनि ठेकेदारले कामै नगरी अधुरो गरेको कामको पुरा भुक्तानी दिनुपर्छ भनेर दादागिरी शैलीमा माग गर्दै कार्यालयमा तालाबन्दी गर्नु दुखद रहेको जानकारहरूको भनाइ छ।

# भारत सरकारद्वारा नेपाललाई ४० एम्बुलेन्स प्रदान

टुडे समाचारदाता

जनकपुरधाम। भारत सरकारले नेपाललाई ४० एम्बुलेन्स प्रदान गरेको छ। भारत सरकारले नेपालका विभिन्न जिल्लामा रहेका स्वास्थ्य संस्थालाई ४० वटा एम्बुलेन्स उपहारस्वरूप प्रदान गरेको काठमाडौंस्थित भारतीय राजदूतावासले जनाएको छ।

राजदूतावासका अनुसार २२ वटा एम्बुलेन्स काठमाण्डुमा हस्तान्तरण गरिएको छ। यस्तै वीरगंजमा ७, पोखरामा ७ र धरानमा ४ वटा एम्बुलेन्स हस्तान्तरण गरिएको छ।

काठमाण्डुमा आयोजित समारोहमा भारतीय राजदूतावास काठमाण्डुका नियोग उप-प्रमुख प्रसन्न श्रीवास्तवले सवारी साधनहरुको चाबी हस्तान्तरण गरे। कार्यक्रममा बागमती, कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका नगरपालिका र गाउँपालिकाका मेयर र अध्यक्षहरूका साथै लाभार्थी संस्थाका प्रतिनिधि, राजनीतिक प्रतिनिधि र समाजसेवी उपस्थित थिए।

उप-प्रमुखले स्वास्थ्य क्षेत्रमा पूर्वाधार सुदृढीकरण गर्ने नेपाल सरकारको प्रयासलाई मजबुत बनाउन एम्बुलेन्स प्रदान गरिएको बताए। त्यस्तै लाभार्थी संस्थाका प्रतिनिधिले भारतको सहयोगको लागि कृतज्ञता व्यक्त गरे। उनीहरुले उपहारस्वरूप प्रदान गरिएका एम्बुलेन्सहरुले स्वास्थ्य सेवामा पहुँच बढाउन मद्दत गर्ने विश्वास व्यक्त गरे। वीरगञ्ज, पोखरा र धरानका लाभार्थीहरुले पनि यस्तै भावना व्यक्त गरेको राजदूतावासले जनाएको छ।

भारत सरकारले नेपालको स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकता दिँदै सन् १९९४ यता नेपाललाई १०४९ एम्बुलेन्स उपहारस्वरूप प्रदान गरिसकेको राजदूतावासले जनाएको छ। यस्तै नेपालका विभिन्न शैक्षिक संस्थाहरुलाई ३०० स्कुल बस उपहारस्वरूप प्रदान गरिएको राजदूतावासले जनाएको छ।

त्यस्तै भारतले सन् २०२२ मा निर्वाचन सञ्चालन हेतु कानुन कार्यान्वयन गर्ने निकाय र नेपालको निर्वाचन आयोगलाई २०० सवारी साधन उपहारस्वरूप प्रदान गरिएको जनाएको छ।

# अस्पतालमा विशेषज्ञ चिकित्सक नहुँदा सेवा प्रभावित

टुडे समाचारदाता

राजविराज । सप्तरीको गजेन्द्रनारायण सिंह अस्पतालमा चिकित्सकको अभावका कारण सर्वसाधारण सेवाबाट बञ्चित भएका छन्। मेडिकल अधिकृतको दरबन्दीमा रहेको चिकित्सकहरुले विशेषज्ञको रुपमा सेवा दिन थालेपछि अस्पतालको सेवाहरु प्रभावित बनेको छ। तर यहाँ अस्पातालमा दरबन्दी भएका चिकित्सकहरू कामकाजबाट फिर्ता आउन मानिरहेको छैन।

बुटवलको लुम्बिनी प्रादेशिक अस्पतालमा रहेका डा. इन्द्र ढकाललाई गत जेष्ठ २३ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तुरुन्तै सप्तरीको गजेन्द्र नारायण सिंह अस्पतालमा पठाउनका लागि पत्राचार गरेको छ।

स्वास्थ्य मन्त्रालयले लुम्बिनी प्रादेशिक अस्पताललाई पत्र लेख्दै दरबन्दी रहेको निकाय (गजेन्द्र नारायण सिंह अस्पताल)मा हाजिर हुन पठाइदिन अनुरोध गरेको छ। डा. ढकाल लुम्बिनी प्रादेशिक अस्पतालका प्रमुखको भूमिकामा छन् । उनी यस अघि पनि अस्पतालको प्रमुख थिए। तर उनी अझै सम्म पनि गजेन्द्र नारायण सिंह अस्पतालमा हाजिर भएको छैन।

अस्पतालमा दरबन्दी रहेका एघारौं तहका बरिष्ठ कन्सलटेन्ट पेडियाट्रिसियन डा एन्जिला घिमिरे २०८१ जेठ २७ गतेदेखि असाधारण बिदामा रहेकी छन्।

नवौं तहकै कन्सलटेन्ट डर्माटोलोजिष्ट डा. रन्जु पोखरेल २०८१ साउन २९ गतेदेखि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा काजमा छन् । नवौं तहका कन्सलटेन्ट रेडियोलोजिष्ट डा. प्रकाश ढकाल २०८१ साउन १६ गतेदेखि लुम्बिनी प्रदेशमा काजमा गएको अस्पतालले जनाएको छ।




नवौं तहकै कन्सलटेन्ट साइक्लोजिष्ट डा. सुशिल समदर्शी २०८१ जेठ २७ गतेदेखि कर्णाली प्रदेशमा र नवौं तहकै कन्सलटेन्ट एनेस्थेसियोलोजिष्ट डा. विशालकुमार देव २०८१ साउन ३० गतेदेखि कोशी अस्पताल विराटनगरमा काजमा गएको छ। दशौं तहकी कन्सलटेन्ट पेडियाट्रिसियन डा श्वेता गुप्ता २०७६ साल पुस २ गतेदेखि उनी काजमा भरतपुर अस्पताल चितवनमा कार्यरत छिन्।

ठूलो संख्यामा चिकित्सकहरु काजमा भएकाले अस्पतालको सेवा प्रवाहमा कठिनाइ भएको भन्दै अस्पतालका तत्कालिन प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. श्रीराम तिवारीले गत २७ कात्तिकमा काजमा काम गरिरहेका एघारौं र नवौ/दसौं तहका ८ चिकित्सकको काज फिर्ता गरिदिन स्वास्थ्य मन्त्रालयमा पत्रचार समेत गरेका थिए। तर अझैसम्म कुनै सुनवाई भएको छैन।

मेडिकल अधिकृतको कारण एचडीयु बन्द, अधिकृत विशेषज्ञको सेवा दिँदै गजेन्द्रनारायण सिंह अस्पतालमा दरबन्दी भएपनि मन्त्रालयबाट सेटिङ मिलाउदै उनीहरू काजमा गएपछि यहाँ अस्पातालको अवस्था दयनीय बनेको छ। अस्पतालामा मेडिकल अधिकृतको दरबन्दीमा रहेको चिकित्सकहरुले विशेषज्ञको रुपमा सेवा दिइरहेको छ।

उनीहरूको दरबन्दी मेडिकल अधिकृतको भएपनि अध्ययन अनुसारको विशेषज्ञको सेवा दिइरहेको अस्पतालका मेसु प्रकाश प्रसाद साहले बताए।

यता मेडिकल अधिकृतले विशेषज्ञको सेवा दिइरहँदा मेडिकल अधिकृत र स्टाफ नर्सको आभावले गत फागुन २७ गतेदेखि अस्पतालको एचडियु सेवा ठप्प छ । मेडिकल अधिकृत आभावकै कारण सेवा ठप्प भएपछि अस्पतालको अवस्था खस्किएको छ। जनशक्ति आभावका कारण अस्पतालमा उपकरण भएपनि आइसियु संचालन हुन नसकेको मेसु साह बताउँछन्।

उनले काजमा रहेको कर्मचारीहरू फिर्ता भए र आवश्यक जनशक्ति थपिए अस्पतालाको अवस्थालाई निश्चित रूपमा उच्च गर्न सकिने बताए।

# ट्रैक्टरको अगाडिको दौडिदा चालकको मृत्यु

टुडे समाचारदाता

रौतहट। रौतहटको वृन्दावन नगरक्षेत्र अन्तर्गत खेतबाट बाटोमा चढाउन खोज्दा ट्रैक्टरको अगाडिको दौड्दा च्यापिएर चालकको मृत्यु भएको छ।

मृत्यु हुनेमा वृन्दावन ७ का इक्रुल मंसुरीको छोरा बर्ष २४ को ट्र्याक्टर चालक नजामोदिन मंसुरी रहेको ईलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीले बताए।

वृन्दावन ७ हुसेनीचोक र आकरपाथर बीच भित्रि सडक खण्डमा ना ४ त २०६८ नम्बरको गिट्टी लोड भएको ट्र्याक्टर खेतबाट रोडमा निकाल्ने क्रममा अगाडिको भाग उठी स्टेरिङमा चालक मन्सुरी च्यापिएको अचेत अवस्थामा रहेको थियो ।

प्रहरी टोलीले उनलाई उपचारको लागि चन्द्रपुर अस्पताल प्रालिमा पठाईएकोमा चिकित्सकले



गएराति मृत घोषणा गरेको डिएसपी कार्कीले जानकारी दिएका छन्। दुर्घटनामा परेको ट्र्याक्टर प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको ईलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ।


## योग्यता प्रणालीको सम्मान गरौं

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिष्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं,
- प्रतिभाको कदर स्वदेशमै गरौं र प्रतिभा पलायन हुनुबाट रोकौं,
- निर्भिक एंव निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८२ असार १ गते लोक सेवा आयोगको ७५औं वार्षिकोत्सव तथा हरीक जयन्ती भव्यताका साथ मनाऔं,

“योग्यता, स्वच्छता, निष्पक्षता– लोक सेवा आयोगको प्रतिबद्धता”

नेपाल सरकार
विज्ञापन बोर्ड


# स्वास्थ्य कार्यालय सर्लाहीमा अख्तियारको छापा

टुडे समाचारदाता

मलंगवा । अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिवासको टोलीले स्वास्थ्य कार्यालय सर्लाहीमा छापामारी महत्पूर्ण दस्तावेज तथा फाइलहरु नियन्त्रणमा लिएको जानकारी प्राप्त भएको छ। अख्तियारबाट आएका कर्मचारीहरुले आर्थिक वर्ष २०८०/०८१ तथा चालु वर्षमा संचालन भएको सम्पूर्ण कार्यक्रम तथा योजना र भौतिक निर्माणलगायतका फाइलहरु जफत गरेको स्रोतले दाबी गरेको छ। २०८०/०८१ मा बर्थिंग सेन्टर निर्माण तथा खोप कार्यक्रम संचालनको लागि ३६ करोडको हाराहारीमा बजेट रहेको थियो । सो परिमाणको बजेटबाट मुख्यतह बर्थिंग सेन्टर निर्माण कार्य सर्लाहीका विभिन्न स्थानीय तहहरुमा भएको थियो । चालु आर्थिक वर्ष २०८१/०८२ मा पनि यस कार्यालयको जम्मा बजेट १६ करोड ५१




लाख ८२ हजारको हाराहारीमा रहेको छ। जसबाट भौतिक निर्माण, योजना तथा कार्यक्रम संचालन भएको छ। यो दुई वर्षको अन्तरालमा ५२ करोड ५१ लाख ८२ हजारको बजेट संचालन गरेको स्वास्थ्य कार्यालय सर्लाहीमा व्यापक हिनामिना भएको उजुरी परेपछि अख्तियारले हिजो कार्यालयमा छापा मारेको एकजना कर्मचारीले बताए।

दुई वर्षको अन्तरालमा स्वास्थ्य कार्यालय सर्लाहीमा कन्टिजेन्सी वापत आएको डेढ करोड भन्दा बढिको रकममा व्यापक अनियमितता भएको भन्दै उक्त फाइलहरु पनि अख्तियारले जफत गरि लगेको स्रोतले बताएको छ।

अख्तियार कार्यालयमा आएपछि दैनिक हाजिरी रजिष्टर चेकजाँच गरि आफनो कब्जामा लिएको छ। करारका कर्मचारी नियुक्तिमा समेत चलखेल देखिएको हुन सकने बताउदै अख्तियारले करारका कर्मचारी नियुक्तिका फाईल र हाजिरी रजिष्टर समेत जफत गरी लगेको कार्यालय स्रोतले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८